# हाम्रो चौविसे

## आधारभूत तह (कक्षा १-५)
## स्थानीय पाठ्यक्रम

## २०८२


चौविसे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राजारानी, धनकुटा, कोशी प्रदेश, नेपाल

## हाम्रो भनाइ

शिक्षाको गुणस्तर मापन सिकारुले सिकेको सिप र सँस्कार सहितको ज्ञानले मात्र गर्न सकिन्छ भन्ने मान्यतालाई अङ्गीकार गरेको चौबिसे गाउँपालिकाको आधारभूत तह कक्षा १-५ को यो पाठ्यक्रमले मूलतः राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा उल्लेख गरिएका सिद्धान्तहरूलाई नै पाठ्यक्रम विकासको मार्गदर्शनको रूपमा लिइएको छ । यस पाठ्यक्रमको निर्माणका क्रममा चौबिसे गाउँपालिका भित्रका महत्त्वपूर्ण प्राकृतिक, ऐतिहासिक, परम्परागत, सांस्कृतिक, भाषिक, धार्मिक तथा पर्यटन लगायतका विषय क्षेत्रहरू समेटेर जीवनोपयोगी तथा व्यवहार कुशल सिपहरू सहित विषय वस्तुको क्षेत्र र क्रममा मिलाउने प्रयास गरिएको छ । पाठ्यक्रमलाई सक्षमतामा आधारित बनाउन आधारभूत शिक्षालाई तीन तहमा राखी कक्षा १-३ र कक्षा ४-५ का तहगत सक्षमताहरूलाई समेत समावेश गरिएको छ । यस पछिका वर्षहरुमा कक्षा ६-८ मा पनि यसै अनुसारका क्षेत्र र क्रमहरुलाई निरन्तरता दिइने छ।

स्थानीय विषयवस्तुमा आधारित यस पाठ्यक्रमको निर्माण प्रक्रियामा स्थानीय विषय क्षेत्र , सक्षमता तथा उद्देश्यको निर्धारण गर्न निरन्तर लाग्नु भएका तथा पाठ्यक्रमको आधार तयार गर्न सक्रिय सहभागिता जनाउनु हुने सामाजिक विकास समिति संयोजक, गाउँ कार्यपालिका प्रतिनिधि, प्रधानाध्यापक, शिक्षक लगायत विभिन्न क्षेत्रका सबै व्यक्तिहरू प्रति कृतज्ञता व्यक्त गर्दै पाठ्यक्रम विकासमा प्राविधिक सहजीकरण गर्ने संस्था श्री पिरामिड टेक्निकल ईन्स्टिच्युट प्रा.लि. ईटहरी सुनसरी र उक्त संस्थामार्फत सहजिकरण गर्नुहुने शिक्षा सेवाका पूर्व उपसचिव श्री सूर्यकिरण भण्डारी र पूर्व उपसचिव श्री द्रोण प्रसाद पोखेलमा हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्दछौं । स्थानीय पाठ्यक्रमको विकासका क्रममा प्रमुख सल्लाहकारको रूपमा निर्णायक भूमिका खेल्नुहुने गाउँपालिका अध्यक्ष श्री राजकुमार लिम्बु, उपाध्यक्ष श्री टंकमाया पाङ्मी तथा प्रमुख प्रशासकीय अधिकृत श्री बाबु नन्दन मेहता प्रति हार्दिक आभार व्यक्त गर्दछौं । साथै शिक्षा अधिकृत श्री गणेश बहादुर गुर्धामी लाई पनि विशेष धन्यवाद प्रदान गर्दछौं ।

चौबिसे गाउँपालिकाको स्थानीय पाठ्यक्रमको कार्यान्वयनमा विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापकहरु, शिक्षक तथा सरोकारवालाहरुबाट सकारात्मक सहयोग र रचनात्मक सुझावको अपेक्षा गरिएको छ ।

स्थानीय पाठ्यक्रम तयारी तथा मस्यौदा समिति

## प्राक्कथन

केन्द्रबाट तय हुने पाठ्यक्रमले स्थानीय आवश्यकतालाई पूर्णरुपमा समेट्न सक्दैन भन्ने मान्यताको आधारमा स्थानीय पाठ्यक्रमको अवधारणा आएको हो । नेपाल एक बहुभाषिक, बहुजातीय, बहुधार्मिक र बहुसांस्कृतिक राष्ट्र हो । हरेक स्थानका आवश्यकता , चाहना र विशेषता फरक फरक हुन सक्छन् । त्यसैले स्थानीय चाहना र आवश्यकताका विषयवस्तुलाई मनन गरी त्यसै स्थानका नागरिकहरुको अपनत्व हुनेगरी सम्बन्धित सरोकारवालाले स्थानीय ज्ञान, सिप र प्रविधिलाई समेटी विकास गर्ने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । यसमा केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका स्थानीय विषयवस्तु हुनु आवश्यक छ । जसले स्थानीय ज्ञान र सीपको प्रबर्धन गर्नुका साथै नयाँ ज्ञान ,सिप र धारणाको मार्ग दर्शन गर्दछ । यसले स्थानीय स्तरमा रहेका आवश्यकता र चाहनालाई सम्वोधन गरी चरीत्रवान , नैतिक र उत्पादनशील नागरिक निर्माण गर्न सहयोग गर्दछ। यसरी निर्माण गरिएको स्थानीय पाठ्यक्रमलाई केन्द्रीय पाठ्यक्रमको परिपूरकको रुपमा पनि लिन सकिन्छ ।

नेपालको संविधान,२०७२ मा शिक्षा, भाषा तथा संस्कृति सम्बन्धी हकमा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच, मातृभाषामा शिक्षा पाउने तथा मातृभाषा प्रयोग गर्ने, सांस्कृतिक जीवनमा सहभागी हुने, भाषा, लिपि, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुने कुरा उल्लेख गरिएको छ । विद्यालय तह सम्मको शिक्षाको जिम्मेवारी स्थानीय सरकार मातहतमा रहने व्यवस्था गरिएको छ । स्थानीय सरकार संचालन ऐन,२०७४ मा स्थानीय स्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्धन र स्तरीकरण गर्ने अधिकार उल्लेख गरिएको छ । स्थानीय पाठ्यक्रम भन्नाले स्थानीय सरोकारवाला पक्षले आवश्यक ठानेको विषयवस्तुलाई उनीहरुकै विज्ञता र सक्रियतामा कम लागतमा तयार गरिएको पाठ्यक्रम हो । स्थानीय पाठ्यक्रमले त्यस समाजका आवश्यकताहरूलाई संवोधन गर्दै सिकारुलाई सिकाइ प्रति उत्प्रेरित गर्दछ । सिकाइमा स्थायित्व र व्यवहारिकता प्रदान गर्दछ । सिकारु र शिक्षक बिच सामिप्यता ल्याउँछ । समाज र राष्ट्रप्रति उत्तरदायी र जवाफदेही हुन सिकाउँछ । स्थानीय परम्परा, मूल्य, मान्यता र संस्कृतिलाई जर्गेना गर्छ । नयाँ सिप र प्रविधिलाई अन्तराष्ट्रिय बजारसम्म जोड्नका लागि सहयोग गर्छ । समुन्नत, समृद्ध र आधुनिक नेपाल निर्माणका लागि आर्थिक, सामाजिक तथा सांस्कृतिक पक्षमा टेवा पुर्याउँछ ।

स्थानीय आवश्यकतालाई उचित रुपमा संबोधन गर्न शिक्षालाई स्थानीय आवश्यकतामा आधारित बनाउने प्रयास विश्वव्यापी रुपमा भइरहेको छ । केन्द्रीय पाठ्यक्रमले विश्वव्यापीकरण तर्फ जोड दिने र स्थानीय तहलाई पूर्ण रुपमा समेट्न नसकेको आवश्यकतालाई मध्यनजर गर्दै स्थानीय आवश्यकतामा आधारित शिक्षालाई थप एक विषयका रुपमा समावेश गर्दै स्थानीय विषय समेत समावेश गर्न सकिने

प्रावधान रहेकाले आधारभूत तहमा १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम निर्माण गरी स्थानीय सँस्कार र संस्कृतिको संरक्षण गर्दै स्थानीय आवश्यकताको अनुरुप, यहींको माटो सुहाउँदो मानव स्रोत उत्पादन गर्ने लक्ष्य राखी चौबिसे गाउँपालिकाले स्थानीय पाठ्यक्रम "**हाम्रो चौबिसे**" प्रकाशनमा ल्याएको छ । पाठ्यक्रम विद्यालयका शैक्षिक कार्यक्रमहरूको योजनाबद्ध खाका हो । यसले कुनै पनि शैक्षिक कार्यक्रमलाई संगठित र योजनाबद्ध ढङ्गले उद्देश्य प्राप्तिमा सहयोग गर्दछ । यसमा विद्यार्थीका चाख, समाजका आवश्यकता र विद्यार्थी एवं शिक्षकका क्रियाकलापहरू समावेश भएका छन्। जस अनुसार चौबिसे गाउँपालिकाले पनि विद्यार्थीहरूमा समयसापेक्ष विधि र प्रविधिको प्रयोगमा जोड दिन "**हाम्रो चौबिसे**" , आधारभूत तहका लागि १०० पूर्णाङ्कको यो पाठ्यक्रम निर्माण गर्ने प्रयास गरेको छ । स्थानीय आवश्यकता स्थानीय तहबाट नै पहिचान गरी यहाँका धार्मिक, ऐतिहासिक, सांस्कृतिक, प्राकृतिक तथा पर्यटकीय महत्त्व बोकेका स्थलहरूको संरक्षण र संवद्धन गर्ने प्रयत्न गरिएको छ । यसलाई बहुआयामिक, समयानुकूल, व्यावहारिक र प्रयोगात्मक रुपमा प्रस्तुत गरेर विद्यार्थीहरूका लागि अझ उपयोगी बनाउन प्रयास गरिएको छ । आफ्नो क्षेत्रमा रहेका महत्त्वपूर्ण वस्तुहरूको परिचय गराई उनीहरूमा आफ्नो ठाउँ, कला, सँस्कार र संस्कृतिसँग परिचित गराउनु र आफ्नोपनको सकारात्मक सोचको विकास गराउँदै श्रमप्रति सम्मान गर्ने, स्वाभिमानी, नैतिक, स्वस्थ,सचेत र स्वावलम्बी बन्ने धारणाको विकास गराउनु यस पाठ्यक्रमको मूल ध्येय रहेको छ ।

यस स्थानीय पाठ्यक्रममा चौबिसे गाउँपालिकाको भूगोल र इतिहास,चौबिसेको स्थानीय जाति, भाषा र सँस्कृति, नैतिक मूल्य ,मान्यता र सदाचार , योग ,व्यायाम र आहार,हाम्रो वातावरण, सरसफाई र फोहोर व्यवस्थापन, स्थानीय फलफूल खेती , सडक सुरक्षा र स्थानीय पर्यटन जस्ता विषय क्षेत्रहरु समावेश गरिएका छन्।

संयोजक,स्थानीय पाठ्यक्रम तयारी तथा मस्यौदा समिति
चौबिसे गाउँपालिका,धनकुटा

## विषय-सूची

१.परिचयः ........ १
२. विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य ........ १
२.१ आधारभूत शिक्षा (कक्षा १-८) का तहगत सक्षमता ........ २
३. स्थानीय पाठ्यक्रमको सन्दर्भः ........ ३
४.स्थानीय पाठ्यक्रम विकासको औचित्य........ ६
५. स्थानीय विषयको पाठ्यक्रम विकास प्रक्रिया ........ ७
६. चौबिसेको स्थानीय पाठ्यक्रम,२०८२ (हाम्रो चौबिसे) कक्षा १-५ का उद्देश्यहरु ........ ८
७. स्थानीय विषय (कक्षा १ - ५) का विषयवस्तुको क्षेत्र (थिम)........ ८
८. विषयवस्तुका क्षेत्रहरूको पाठ्यभार ........ ९
९. विषयगत सक्षमताहरू........ ९
आधारभूत तह (कक्षा १-५) को कक्षागत सिकाइ उपलब्धी/सक्षमताहरु........ १०
कक्षागत सिकाइ उपलब्धी/सक्षमताहरु /विस्तृतिकरण ........ १४
कक्षाः १ ........ १४
कक्षाः २ ........ १९
कक्षाः ३ ........ २५
कक्षाः ४ ........ ३२
कक्षाः ५ ........ ३८
शिक्षण सिकाइ विधि,सिकाई सहजीकरण प्रकृया तथा मूल्याङ्कन, ........ ४६
सिकाई सहजीकरण प्रक्रिया........ ४७
शिक्षण विधिको छनोट........ ४९
सिकाई क्रियाकलाप........ ५०

मूल्याङ्कन प्रक्रिया ....................................................................................५२
मूल्याङ्कन साधनहरु....................................................................................५३
विषय क्षेत्रगत रुपमा मूल्याङ्कन गर्ने तरीका तथा अभिलेख फारामहरु.................................५६

**तालिका १**: कक्षा १-३ को पाठ्यक्रम संरचना ........................................................ ४
**तालिका २**: कक्षा ४-५ को पाठ्यक्रम संरचना ........................................................४
**तालिका ३**: कक्षा ६-८ को पाठ्यक्रम संरचना ........................................................५
**तालिका ४**: विद्यार्थीको मूल्याङ्कनका संभाव्य तरीका तथा साधनहरु..................................५४
**तालिका ५**: विद्यार्थीको उपलब्धि स्तर र त्यसको सामान्य व्याख्या..................................५४
**अनुसूचीहरु**

## हाम्रो भनाइ

शिक्षाको गुणस्तर मापन सिकारुले सिकेको सिप र सँस्कार सहितको ज्ञानले मात्र गर्न सकिन्छ भन्ने मान्यतालाई अङ्गीकार गरेको चौबिसे गाउँपालिकाको आधारभूत तह कक्षा १-५ को यो पाठ्यक्रमले मूलतः राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा उल्लेख गरिएका सिद्धान्तहरूलाई नै पाठ्यक्रम विकासको मार्गदर्शनको रूपमा लिइएको छ । यस पाठ्यक्रमको निर्माणका क्रममा चौबिसे गाउँपालिका भित्रका महत्त्वपूर्ण प्राकृतिक, ऐतिहासिक, परम्परागत, सांस्कृतिक, भाषिक, धार्मिक तथा पर्यटन लगायतका विषय क्षेत्रहरू समेटेर जीवनोपयोगी तथा व्यवहार कुशल सिपहरू सहित विषय वस्तुको क्षेत्र र क्रममा मिलाउने प्रयास गरिएको छ । पाठ्यक्रमलाई सक्षमतामा आधारित बनाउन आधारभूत शिक्षालाई तीन तहमा राखी कक्षा १-३ र कक्षा ४-५ का तहगत सक्षमताहरूलाई समेत समावेश गरिएको छ ।यस पछिका वर्षहरुमा कक्षा ६-८ मा पनि यसै अनुसारका क्षेत्र र क्रमहरुलाई निरन्तरता दिइने छ।

स्थानीय विषयवस्तुमा आधारित यस पाठ्यक्रमको निर्माण प्रक्रियामा स्थानीय विषय क्षेत्र , सक्षमता तथा उद्देश्यको निर्धारण गर्न निरन्तर लाग्नु भएका तथा पाठ्यक्रमको आधार तयार गर्न सक्रिय सहभागिता जनाउनु हुने सामाजिक विकास समिति संयोजक, गाउँ कार्यपालिका प्रतिनिधि, प्रधानाध्यापक, शिक्षक लगायत विभिन्न क्षेत्रका सबै व्यक्तिहरू प्रति कृतज्ञता व्यक्त गर्दै पाठ्यक्रम विकासमा प्राविधिक सहजीकरण गर्नुहुने शिक्षा सेवाका पूर्व उपसचिव श्री सूर्यकिरण भण्डारी र पूर्व उपसचिव श्री द्रोण प्रसाद पोख्रेलमा हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्दछौं । स्थानीय पाठ्यक्रमको विकासका क्रममा प्रमुख सल्लाहकारको रूपमा निर्णायक भूमिका खेल्नुहुने गाउँपालिका अध्यक्ष श्री राजकुमार लिम्बू, उपाध्यक्ष श्री टंकमाया पाङ्गी मगर तथा प्रमुख प्रशासकीय अधिकृत श्री बाबु नन्दन मेहता प्रति हार्दिक आभार व्यक्त गर्दछौं । साथै कम्प्युटर सेटिङ तर्फ सहयोग गर्नुहुने श्री ज्ञानेन्द्र राईलाई पनि विशेष धन्यवाद प्रदान गरिन्छ।

चौबिसे गाउँपालिकाको स्थानीय पाठ्यक्रमको कार्यान्वयनमा विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापकहरु, शिक्षक तथा सरोकारवालाहरुबाट सकारात्मक सहयोग र रचनात्मक सुझावको अपेक्षा गरिएको छ ।

पाठ्यक्रम निर्माण समिति



अध्यक्ष

## प्राक्कथन

केन्द्रबाट तय हुने पाठ्यक्रमले स्थानीय आवश्यकतालाई पूर्णरुपमा समेट्न सक्दैन भन्ने मान्यताको आधारमा स्थानीय पाठ्यक्रमको अवधारणा आएको हो । नेपाल एक बहुभाषिक, बहुजातीय, बहुधार्मिक र बहुसांस्कृतिक राष्ट्र हो । हरेक स्थानका आवश्यकता , चाहना र विशेषता फरक फरक हुन सक्छन् । त्यसैले स्थानीय चाहना र आवश्यकताका विषयवस्तुलाई मनन गरी त्यसै स्थानका नागरिकहरुको अपनत्व हुनेगरी सम्बन्धित सरोकारवालाले स्थानीय ज्ञान, सिप र प्रविधिलाई समेटी विकास गर्ने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । यसमा केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका स्थानीय विषयवस्तु हुनु आवश्यक छ । जसले स्थानीय ज्ञान र सीपको प्रबर्धन गर्नुका साथै नयाँ ज्ञान ,सिप र धारणाको मार्ग दर्शन गर्दछ ।यसले स्थानीय स्तरमा रहेका आवश्यकता र चाहनालाई सम्वोधन गरी चरीत्रवान , नैतिक र उत्पादनशील नागरिक निर्माण गर्न सहयोग गर्दछ। । यसरी निर्माण गरिएको स्थानीय पाठ्यक्रमलाई केन्द्रीय पाठ्यक्रमको परिपूरकको रुपमा पनि लिन सकिन्छ ।

नेपालको संविधान,२०७२ मा शिक्षा, भाषा तथा संस्कृति सम्बन्धी हकमा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच, मातृभाषामा शिक्षा पाउने तथा मातृभाषा प्रयोग गर्ने, सांस्कृतिक जीवनमा सहभागी हुने, भाषा, लिपि, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुने कुरा उल्लेख गरिएको छ । विद्यालय तह सम्मको शिक्षाको जिम्मेवारी स्थानीय सरकार मातहतमा रहने व्यवस्था गरिएको छ । स्थानीय सरकार संचालन ऐन,२०७४ मा स्थानीय स्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्धन र स्तरीकरण गर्ने अधिकार उल्लेख गरिएको छ । स्थानीय पाठ्यक्रम भन्नाले स्थानीय सरोकारवाला पक्षले आवश्यक ठानेको विषयवस्तुलाई उनीहरुकै विज्ञता र सक्रियतामा कम लागतमा तयार गरिएको पाठ्यक्रम हो । स्थानीय पाठ्यक्रमले त्यस समाजका आवश्यकताहरूलाई संवोधन गर्दै सिकारुलाई सिकाइ प्रति उत्प्रेरित गर्दछ । सिकाइमा स्थायित्व र व्यवहारिकता प्रदान गर्दछ । सिकारु र शिक्षक बिच सामिप्यता ल्याउँछ । समाज र राष्ट्रप्रति उत्तरदायी र जवाफदेही हुन सिकाउँछ । स्थानीय परम्परा, मूल्य, मान्यता र संस्कृतिलाई जर्गेना गर्छ । नयाँ सिप र प्रविधिलाई अन्तराष्ट्रिय बजारसम्म जोड्नका लागि सहयोग गर्छ । समुन्नत, समृद्ध र आधुनिक नेपाल निर्माणका लागि आर्थिक, सामाजिक तथा सांस्कृतिक पक्षमा टेवा पुर्याउँछ ।

स्थानीय आवश्यकतालाई उचित रुपमा संबोधन गर्न शिक्षालाई स्थानीय आवश्यकतामा आधारित बनाउने प्रयास विश्वव्यापी रुपमा भइरहेको छ । केन्द्रीय पाठ्यक्रमले विश्वव्यापीकरण तर्फ जोड दिने र स्थानीय तहलाई पूर्ण रुपमा समेट्न नसकेको आवश्यकतालाई मध्यनजर गर्दै स्थानीय आवश्यकतामा आधारित शिक्षालाई थप एक विषयका रुपमा समावेश गर्दै स्थानीय विषय समेत समावेश गर्न सकिने प्रावधान



अध्यक्ष

रहेकाले आधारभूत तहमा १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम निर्माण गरी स्थानीय सँस्कार र संस्कृतिको संरक्षण गर्दै स्थानीय आवश्यकताको अनुरुप, यहींको माटो सुहाउँदो मानव स्रोत उत्पादन गर्ने लक्ष्य राखी चौबिसे गाउँपालिकाले स्थानीय पाठ्यक्रम "**हाम्रो चौबिसे**" प्रकाशनमा ल्याएको छ । पाठ्यक्रम विद्यालयका शैक्षिक कार्यक्रमहरूको योजनावध्द खाका हो । यसले कुनै पनि शैक्षिक कार्यक्रमलाई संगठित र योजनाबद्ध ढङ्गले उद्देश्य प्राप्तिमा सहयोग गर्दछ । यसमा विद्यार्थीका चाख, समाजका आवश्यकता र विद्यार्थी एवं शिक्षकका क्रियाकलापहरू समावेश भएका छन्। । जस अनुसार चौबिसे गाउँपालिकाले पनि विद्यार्थीहरूमा समयसापेक्ष विधि र प्रविधिको प्रयोगमा जोड दिन "**हाम्रो चौबिसे**" , आधारभूत तहका लागि १०० पूर्णाङ्कको यो पाठ्यक्रम निर्माण गर्ने प्रयास गरेको छ । स्थानीय आवश्यकता स्थानीय तहबाट नै पहिचान गरी यहाँका धार्मिक, ऐतिहासिक, सांस्कृतिक, प्राकृतिक तथा पर्यटकीय महत्त्व बोकेका स्थलहरूको संरक्षण र संवद्धन गर्ने प्रयत्न गरिएको छ । यसलाई बहुआयामिक, समयानुकूल, व्यावहारिक र प्रयोगात्मक रुपमा प्रस्तुत गरेर विद्यार्थीहरूका लागि अझ उपयोगी बनाउन प्रयास गरिएको छ । आफ्नो क्षेत्रमा रहेका महत्त्वपूर्ण वस्तुहरूको परिचय गराई उनीहरूमा आफ्नो ठाउँ, कला, सँस्कार र संस्कृतिसँग परिचित गराउनु र आफ्नोपनको सकारात्मक सोचको विकास गराउँदै श्रमप्रति सम्मान गर्ने, स्वाभिमानी, नैतिक , स्वस्थ,सचेत र स्वावलम्बी बन्ने धारणाको विकास गराउनु यस पाठ्यक्रमको मूल ध्येय रहेको छ ।

यस स्थानीय पाठ्यक्रममा चौबिसे गाउँपालिकाको भूगोल र इतिहास,चौबिसेको स्थानीय जाति, भाषा र सँस्कृति, नैतिक मूल्य ,मान्यता र सदाचार , योग ,व्यायाम र आहार,हाम्रो वातावरण, सरसफाई र फोहोर व्यवस्थापन, स्थानिय पेशा ,व्यवसाय र प्रविधि, सडक सुरक्षा र स्थानीय पर्यटन जस्ता विषय क्षेत्रहरु समावेश गरिएका छन्।

संयोजक,स्थानीय पाठ्यक्रम तयारी तथा मस्यौदा समिति
चौबिसे गाउँपालिका,धनकुटा



अध्यक्ष

## विषय-सूची

परिचयः ........ ६

२.१ **विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य** ........ ६

२.२. **आधारभूत शिक्षा (कक्षा १-८) का तहगत सक्षमता** ........ ७

३. स्थानीय पाठ्यक्रमको सन्दर्भः ........ ८

४. **स्थानीय पाठ्यक्रम विकासको औचित्य** ........ ११

५. **स्थानीय विषयको पाठ्यक्रम विकास प्रक्रिया** ........ १२

६. चौबिसेको स्थानीय पाठ्यक्रम,२०८२ (हाम्रो चौबिसे) कक्षा १-५ का उद्देश्यहरु ........ १३

७. स्थानीय विषय (कक्षा १ - ५) का विषयवस्तुको क्षेत्र (थिम) ........ १३

८) विषयवस्तुका क्षेत्रहरूको पाठ्यभार ........ १३

९. विषयगत सक्षमताहरू ........ १४

आधारभूत तह (कक्षा १-५) को कक्षागत सिकाइ उपलब्धी /सक्षमताहरु ........ १५

कक्षागत सिकाइ उपलब्धी/सक्षमताहरु /विस्तृतिकरण ..... **ङ्कचद्वच! ख्ववण□कचण थ्वद□ घङ्गद्दत्रथङ्गघ.**

कक्षाः १ ........ २०

कक्षाः २ ........ २४

कक्षाः ३ ........ ३१

कक्षाः ४ ........ ३८

कक्षाः ५ ........ ४५

शिक्षण सिकाइ विधि,सिकाई सहजीकरण प्रकृया तथा मूल्याङ्कन, ........ ५४

सिकाई सहजीकरण प्रक्रिया ........ ५५

शिक्षण विधिको छनोट ........ ५७

सिकाई क्रियाकलाप ........ ५८

मूल्याङ्कन प्रक्रिया ........ ५९



अध्यक्ष

मूल्याङ्कन साधनहरु........................................................................................ ६०

विषय क्षेत्रगत रुपमा मूल्याङ्कन गर्ने तरीका तथा अभिलेख फारामहरु....................................६३

तालिका १..........................................................................................................८
तालिका २..........................................................................................................९
तालिका ३........................................................................................................१०
तालिका ४ .......................................................................................................६१
तालिका ५.......................................................................................................६२



अध्यक्ष

# चौबिसे गाउँपालिकाको स्थानीय पाठ्यक्रम -२०८२
## "हाम्रो चौबिसे"

### १. परिचयः

पाठ्यक्रम विकासका सन्दर्भमा देखापरेका विविध अवधारणाहरू मध्ये स्थानीय पाठ्यक्रम पनि एक नवीनतम अवधारणा हो ।स्थानीय ज्ञान, सिप तथा प्रविधिको प्रयोगबाट सिकारुमा अपेक्षित सिकाइ उपलब्धि हासिल गराउने गरी तयार गरिएको पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो। स्थानीय आवश्यकता अनुसार तयार गरिएको यस पाठ्यक्रमले शिक्षामा विकेन्द्रीकरणको प्रवर्धन समेत गर्दछ । नेपाल भौगोलिक, आर्थिक, सामाजिक, धार्मिक विविधताले भरिपूर्ण मुलुक हो। विविधतामूलक सामाजिक संरचनामा मानिसहरूका आवश्यकता र चाहना पनि विविध प्रकारका हुन्छन् ।विभिन्न भौगोलिक,सामाजिक,साँस्कृतिक,ऐतिहासिक,भाषिक पृष्ठभूमीमा रहेका समुदायलाई केन्द्रीय पाठ्यक्रमले मात्र फरक आवश्यकतालाई सम्बोधन गर्न सक्दैन। यस स्थितिमा स्थानीय पाठ्यक्रमले सिकारुमा स्थानीय ज्ञान तथा सिप सहितको मानसिक संरचना तयार गर्दछ, जसले गर्दा भविष्यमा सामाजिक आवश्यकतालाई परिपूर्ति गर्ने ढोका खुल्दछ । नेपालको शासकीय स्वरूप सङ्घीय प्रणालीमा गइसकेपछि स्थानीय तहका आवश्यकतालाई स्थानीय साधन र स्रोतकै खोजी एवम् परिचालन गरी परिपूर्ति गर्ने अधिकार पनि स्थानीय तहलाई नै प्राप्त भएको छ। शैक्षिक योजनाको विकेन्द्रीकरणलाई नेपालको संविधानले सुनिश्चित गरेको छ। साथै राष्ट्रिय पाठ्यक्रम प्रारूपले समेत मुलुकको शासकीय स्वरूप र विविधतालाई सम्बोधन गर्न विद्यालय तहमा मातृभाषा वा स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण गरी लागू गर्ने व्यवस्था गरेको छ। हरेक विद्यालय आफैले स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण गरी लागू गर्ने मूल मर्म पाठ्यक्रम प्रारूपको हो तर पनि स्थानीय तहका साझा आवश्यकता र विद्यालयका विशिष्टीकृत आवश्यकतालाई समेत मध्यनजर गरी धनकुटा जिल्ला चौबिसे गाउँपालिका क्षेत्रका सबै विद्यालयहरूमा कक्षा १ देखि ५ सम्म लागू गर्ने गरी यो पाठ्यक्रम निर्माण गरिएको छ ।

### १. विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य

#### २.१ राष्ट्रिय पाठ्यक्रम प्रारूप -२०७६ अनुसार विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्नानुसार हुनेछन्ः

क. प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने।

ख. सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य तथा मान्यताप्रति प्रतिबद्ध, राष्ट्र र राष्ट्रियताप्रति बफादार, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने।

ग. श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगार उन्मुख, उत्पादनशील, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने।



अध्यक्ष

घ. व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुर्‍याउने।

ङ. प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्द्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने।

च. प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यताअनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवाद उन्मुख राष्ट्र निर्माणमा मद्दत गर्ने।

छ. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्व परिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने।

ज. वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका र खोज तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने।

झ. रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका, सहिष्णु र भाषिक सक्षमतामा निपूण नागरिक तयार गर्ने।

ञ. नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्द्धन र विस्तारतर्फ अभिप्रेरित भई नेपाली पहिचानप्रति गौरव गर्ने नागरिक तयार गर्ने।

ट. जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने।

ठ. सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने।

## २.२ आधारभूत शिक्षा (कक्षा १-८) का तहगत सक्षमता

आधारभूत शिक्षाले विद्यार्थी केन्द्रित शिक्षाका माध्यमद्वारा बालबालिकामा अन्तर्निहित प्रतिभाको विकास गर्ने लक्ष्य राखेको छ। यस तहको शिक्षाको मुख्य उद्देश्य राष्ट्रप्रेम र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र संवर्द्धन गर्ने, अधिकार र कर्तव्यको पालनासहित स्वतन्त्रताको सम्मान गर्ने, सामाजिक र प्राकृतिक वातावरण प्रति सचेत भई मानवीय मूल्य र मान्यता अनुकूल व्यवहार गर्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्ने हो। यस तहको शिक्षा प्राप्त गरीसकेका बालबालिकाहरू आफ्ना विचार आदानप्रदान एवम् दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्या समाधान गर्न सक्षम, स्वावलम्बी, परिश्रमी, वैज्ञानिक सुझबुझ भएका, स्वास्थ्यप्रति सचेत र नैतिकवान् हुनेछन्।

विद्यालय शिक्षाअन्तर्गत आधारभूत शिक्षा (कक्षा १-८) का विद्यार्थीले हासिल गर्ने सक्षमताहरू निम्नबमोजिम हुने छन्ः

१. भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग।
२. सूचना र विचारहरूको आदान प्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग।
३. देशप्रेम तथा राष्ट्रिय एकताको भावना एवम् लोकतान्त्रिक मूल्यमान्यता तथा संस्कार व्यवहारमा प्रदर्शन
४. तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सिप एवम् अभिवृत्ति विकास र प्रयोग।



अध्यक्ष

५. वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यावहारिक जीवनमा प्रयोग।
६. मानव मूल्य र मान्यता एवम् सामाजिक गुणको विकास तथा नागरिक कर्तव्य प्रति सजगता ।
७. जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकासबिचको अन्तरसम्बन्धको बोध र व्यवस्थापनमा सहयोग ।
८. शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सिप (Life Skills) को विकास।
९. स्थानीय, आधुनिक पेसा, व्यवसाय र प्रविधि एवम् श्रमप्रति सम्मान तथा व्यवहारकुशल सिप (Soft Skills) को प्रयोग।
१०. नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्द्धन एवम् सिर्जनशीलताको विकास र प्रयोग।
११. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, विश्वबन्धुत्व र सहअस्तित्व बोध तथा स्वीकार।
१२. दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान ।

## ३. स्थानीय पाठ्यक्रमको सन्दर्भः

पाठ्यक्रमलाई निरन्तर विकास र परिमार्जनका रूपमा लैजाने क्रममा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप ,२०७६ शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट २०७६।५।२० मा स्वीकृत भएको हो। यस प्रारूपलाई विद्यालय शिक्षाको पाठ्यक्रम विकास तथा परिमार्जनको मुख्य दस्तावेजको रूपमा लिइन्छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले आधारभूत शिक्षा (कक्षा १-८) सम्मको पाठ्यक्रम संरचना निम्नानुसार हुने व्यवस्था गरेको छ।

### तालिका १

**आधारभूत शिक्षा (कक्षा १-३) को पाठ्यक्रम संरचना**

| क्र.सं. | विषय सम्बन्धी क्रियाकलाप | पाठ्य घण्टा | वार्षिक कार्य घण्टा |
|---|---|---|---|
| १. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (अङ्ग्रेजी) | ४ | १२८ |
| ३. | गणितीय सिप विकाससम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ४. | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षासम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ५. | सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ६. | मातृभाषिक सिप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप | ५ | १६० |
| **जम्मा** | | **२६** | **८३२** |

(पाठ्यक्रम सञ्चालनका लागि उपयोग भएको ३२ घण्टाको समयावधिलाई १ पाठ्यघण्टा (Credit hour) मानिएको छ ।)



अध्यक्ष

चौबिसे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राजारानी, धनकुटा
२०७३

**तालिका २**

**आधारभूत शिक्षा (कक्षा ४-५) को पाठ्यक्रम संरचना**

| **क्र.सं.** | **विषय** | **पाठ्यघण्टा** | **वार्षिक कार्य घण्टा** |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७. | मातृभाषा/स्थानीय विषय | ४ | १२८ |
| ८. | **जम्मा** | **३२** | **१०२४** |



अध्यक्ष

## तालिका ३

## आधारभूत शिक्षा (कक्षा ६–८) को पाठ्यक्रम संरचना

| क्र.सं. | विषय | | | पाठ्य घण्टा |
|---|---|---|---|---|
| | साधारण | संस्कृत शिक्षा गुरुकुल वर्द विद्याश्रम शिक्षा | गोन्पा तथा विहार मदर्सा शिक्षा | |
| १. | नेपाली | नेपाली | नेपाली | ५ |
| २. | अङ्ग्रेजी | अङ्ग्रेजी वा संस्कृत रचना | अङ्ग्रेजी | ५ |
| ३. | गणित | गणित | गणित | ५ |
| ४. | विज्ञान तथा प्रविधि | विज्ञान तथा प्रविधि वा संस्कृत व्याकरण | विज्ञान तथा प्रविधि | ५ |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा वा कर्मकाण्ड | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ |
| ६. | स्वास्थ्य तथा शारीरिक | संस्कृत भाषा | स्थानीय विषय वा बौद्ध शिक्षा वा सम्भोटा व्याकरण वा अन्य वा आचार शिक्षा (दिनियात) वा कुरान (अरेबिक) | ३ |
| ७. | मातृभाषा/स्थानीय विषय | वेद वा नीतिशास्त्र | भोटभाषा वा पाली भाषा वा संस्कृत वा अन्य भाषा वा उर्दू भाषा | ४ |
| ८. | जम्मा | | | ३२ |



अध्यक्ष

## ४. स्थानीय पाठ्यक्रम विकासको औचित्य

स्थानीय स्तरका व्यवसाय, पेसा एवम् रोजगारलाई सम्बोधन गर्दै अन्तर्राष्ट्रिय प्रतिस्पर्धी, रोजगारीतर्फ उन्मुख, उत्पादनमुखी र सिपयुक्त नागरिक तयार गर्ने, नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यको संरक्षण, संवर्द्धन र विस्तार तर्फ अभिप्रेरित नागरिक तयार गर्ने, समाजको आधुनिकीकरणमा सहयोग गरी देश निर्माणका निम्ति मानव संसाधनको विकास गर्ने शिक्षाको राष्ट्रिय उद्देश्य हो। केन्द्रीय तहमा निर्माण गरिने पाठ्यक्रमबाट मात्र सो अनुरुपको उद्देश्य पूरा गर्न सम्भव नहुन सक्छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश र सन्दर्भको अध्ययनबाट स्थानीय आवश्यकतालाई सम्बोधन गर्न स्थानीय पाठ्यक्रमको प्रावधान आवश्यक भइसकेको तथ्य विभिन्न अध्ययन तथा प्रतिवेदनले औंल्याएका छन्।

स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको औचित्यलाई देहाय बमोजिमका बुँदाहरूले स्पष्ट गर्दछन्:

- पाठ्यक्रमका माध्यमबाट स्थानीय तहका आवश्यकतालाई सम्बोधन गरी सिकाइलाई व्यावहारिक र प्रभावकारी तुल्याउनु ।
- एक स्थान/क्षेत्र/व्यक्तिको ज्ञानलाई अर्को स्थान/क्षेत्र/व्यक्तिमा अनुकरण गरी अनुभव साटासाट गरी उत्पादनमूलक ज्ञान, सिप, प्रविधिको विस्तार गर्नु ।
- स्थानीय तहका कला, संस्कृति, परम्परा, पर्यटकीय क्षेत्र, सिप, भाषा आदिको संरक्षण र संवर्धन गर्नु ।
- स्थानीय कला कौशल, व्यवसाय, प्राकृतिक सम्पदा तथा संस्कृतिको जानकारी गराई त्यस अनुरूपको व्यवहार गर्न सक्ने तुल्याउन ।
- स्थानीय आवश्यकतालाई सम्बोधन गर्नसक्ने भएकोले स्थानीय सरोकारवालालाई जिम्मेवारी बोध गराउन ।
- भौगोलिक, जातीय, लैङ्गिक, भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, प्राकृतिक विविधतालाई सम्बोधन गर्न ।
- स्वावलम्बी एवम् आत्मनिर्भर हुने ढङ्गको शिक्षा प्रदान गरी रोजगारउन्मुख नागरिक तयार गर्न ।
- आत्मीयपन, श्रमप्रति सम्मान, कामप्रति लगाब बढाउन सहयोग पुर्याउन ।
- स्थानीय स्रोत र साधनको अधिकतम परिचालनबाट कम खर्चमा शिक्षा दिन ।
- स्थानीय विषयवस्तु समावेश गर्नुपर्ने आवश्यकतालाई सम्बोधन गर्न ।
- आधुनिक र बालमैत्री वातावरणमा सिकारुले व्यावहारिक ज्ञान लिने अवसर सिर्जना गर्न ।
- स्थानीय ज्ञान, सिप र प्रविधिलाई विश्वव्यापीकरण गर्न ।
- विश्वव्यापी ज्ञान, सिप र प्रविधिलाई स्थानीयकरण गर्न ।
- स्थानीय तहमा रहेका ज्ञान, सिप र प्रविधिलाई उजागर गर्न ।
- परम्परागत पेसा, व्यवसाय र प्रविधिलाई जगेर्ना गर्न र विकास गर्न सहयोग पुर्याउन ।

राष्ट्रिय पाठ्यक्रम निर्माणमा सबै सरोकारवालाको संलग्नताको सम्भावना रहँदैन। यसले स्थानीय तहको भाषा, संस्कृति, ज्ञान र सिपलाई पूर्णरूपले समेट्न सम्भव पनि हुँदैन। अतः स्थानीय तहको भाषा तथा संस्कृतिको जगेर्ना गर्न स्थानीय तहको ज्ञान, सिप, प्रविधि र उत्पादनलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा जोड्न ज्ञान र सिपको



अध्यक्ष

विकास गरी आत्मनिर्भर, उत्पादनमुखी, जीवनोपयोगी, व्यावहारिक र दक्ष जनशक्ति तयार गर्नुपर्छ। यसका लागि स्थानीय आवश्यकताका विषय/क्षेत्रलाई समावेश गरी सरोकारवालामा पाठ्यक्रम प्रति अपनत्वको भावना विकास गराउन आवश्यक छ। नेपालमा सङ्घीय व्यवस्थाका माध्यमबाट आम जनसमुदायलाई नीति निर्माणमा अधिकारका साथ सहभागी गराउन, उक्त नीति नियमको कार्यान्वयन गराउन र त्यसको प्रतिफल समेत जनसमुदायले उपभोग गर्न पाउने व्यवस्थालाई महत्त्व दिइएको छ। स्थानीय मूल्य, मान्यता, धर्म, परम्परा, संस्कृति, स्रोत सामग्रीको संरक्षण, संवर्द्धन, परिचालन र विकास गर्नका लागि मार्गनिर्देश गर्ने र स्थानीय तहको क्षमता विकासमार्फत् राज्यको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा आवश्यक पर्ने सक्षम, सचेत र इमानदार नागरिक तयार गर्दै शिक्षालाई स्थानीय परिवेश अनुरूप व्यवहारसँग जोड्न मानचित्र तयार गर्न यसको औचित्य रहेको छ।

## ५. स्थानीय विषयको पाठ्यक्रम विकास प्रक्रिया

चौबिसे गाउँपालिका अन्तर्गत सञ्चालन भएका विद्यालयहरूमा कार्यान्वयन गर्नका लागि चौबिसे गाउँपालिकाको शिक्षा समितिको मिति २०८२ मंसिर ९ को बैठकबाट स्थानीय पाठ्यक्रम मस्यौदा लेखन तथा तयारी समिति गठन भएको थियो । कार्यपालिकाको वैठकले "हाम्रो चौबिसे" मुख्य विषयमा स्थानीय पाठ्यक्रम निर्माण गर्ने निर्णय गरेको थियो। यसै गरी आधारभूत तह (कक्षा १-५) को स्थानीय विषयको पाठ्यक्रम विकासका सन्दर्भमा चौबिसे गाउँपालिका शिक्षा शाखाको अगुवाइमा मिति २०८२ पौष २४ का दिन स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी प्रधानाध्यापकहरु (सामुदायिक तथा सँस्थागत),विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु तथा सरोकारवालाहरुको अन्तरकृया ,छलफल र स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी अभिमुखीकरण कार्यक्रम समेत सन्चालन गरिएको थियो। स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी प्रधानाध्यापकहरु (सामुदायिक तथा सँस्थागत),विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु तथा सरोकारवालाहरु अन्तरकृया ,छलफलबाट के कस्ता विषयवस्तुहरु स्थानीय पाठ्यक्रममा समेटिनु पर्ने भन्ने महत्वपूर्ण सुझावहरु प्राप्त भएका थिए। स्थानीय पाठ्यक्रम निर्माणका लागि गठन भएको स्थानीय पाठ्यक्रम तयारी तथा मस्यौदा समिति द्वारा चौबिसे गाउँकार्यपालिकाको निर्णय तथा प्राप्त सुझावहरुका आधारमा सात नौ वटा विषय क्षेत्र निर्धारण गरिएको थियो। स्थानीय पाठ्यक्रम निर्माण तयारी तथा मस्यौदा समितिले पटक–पटक गरेको छलफल, अन्तरक्रिया र विषय विज्ञहरू सँगको छलफलको परिणाम स्वरूप यो " हाम्रो चौबिसे " नामक चौबिसेको स्थानीय पाठ्यक्रम,२०८२ तयार पारिएको छ।



अध्यक्ष

**६. चौबिसेको स्थानीय पाठ्यक्रम,२०८२ (हाम्रो चौबिसे) कक्षा १-५ का उद्देश्यहरु निम्नानुसार रहेका छन्।**

१. चौबिसे गाउँपालिकाको वडा,टोल,जनप्रतिनिधी र भौगोलिक स्वरुपको सामान्य परिचय दिन सक्ने।
२. असल बानी व्यवहारको पहिचान,पारिवारिक तथा सामुदायिक मूल्य मान्यताको आधारभुत जानकारी दिन सक्ने।
३. आफ्ना वरिपरिको बाताबरणमा भएको वस्तुहरुको पहिचान र महत्व बोध गर्न सक्ने।
४. बाताबरण प्रति सचेत रही बातावरणीय सरसफाईमा मदत गर्ने।
५. सडक दुर्घटना र सो बाट बच्ने उपायहरु बताउन/ अपनाउन सक्ने।
६. योगको परिचय दिन र अभ्यास गर्ने।
७. स्थानीय स्तरमा हुने पर्यटनका संभावना,प्रभावको पहिचान गर्न र उपयोग गर्ने।

**७. स्थानीय विषय (कक्षा १ - ५) का विषयवस्तुको क्षेत्र (थिम)**

१. चौबिसेको भूगोल र इतिहास
२. चौबिसेको स्थानीय जाति, भाषा,धर्म र सँस्कृति,
३. सरसफाई र फोहोर व्यवस्थापन
४. योग ,व्यायाम र आहार
५. नैतिक मूल्य ,मान्यता र सदाचार
६. सडक सुरक्षा
७. हाम्रो वातावरण क) जलवायु परिवर्तन ख) विपद व्यवस्थापन
८. स्थानीय पर्यटन
९.स्थानीय पेसा ,व्यवसाय र प्रविधि

**८. विषयवस्तुका क्षेत्रहरूको पाठ्यभार निम्नअनुसार निर्धारण गरिएको छः**

| क्र.सं. | विषय क्षेत्र | कक्षा १-३ | कक्षा ४-५ |
|---|---|---|---|
| १. | चौबिसेको भूगोल र इतिहास | १५ | १५ |
| २. | चौबिसेको स्थानीय जाति, भाषा,धर्म र सँस्कृति | १२ | १० |
| ३. | सरसफाई र फोहोर व्यवस्थापन | १५ | १७ |
| ४. | योग ,व्यायाम र आहार | २० | २० |
| ५ | नैतिक मूल्य ,मान्यता र सदाचार | २० | १० |



अध्यक्ष

| | | | |
|---|---|---|---|
| ६. | सडक सुरक्षा | १२ | १० |
| ७. | हाम्रो वातावरण<br>क) जलवायु परिवर्तन ख) विपद व्यवस्थापन | २४ | १० |
| ८ | स्थानीय पर्यटन | १८ | १७ |
| ९ | स्थानीय पेसा ,व्यवसाय र प्रविधि<br>(सुन्तला खेती) | २४ | १९ |
| **जम्मा** | | **१६०** | **१२८** |

## ९. विषयगत सक्षमताहरू

आधारभूत तहको कक्षा १-५ अध्ययन पश्चात् विद्यार्थीहरुले यस विषयका क्षेत्रहरुमा निम्न लिखित सक्षमताहरू प्राप्त गर्न सक्षम हुनेछन्:



अध्यक्ष

## आधारभूत तह (कक्षा १-५) को कक्षागत सिकाइ उपलब्धी /सक्षमताहरु

| विषय क्षेत्र | कक्षा- १ | कक्षा- २ | कक्षा- ३ | कक्षा- ४ | कक्षा- ५ |
|---|---|---|---|---|---|
| १. चौबिसे को भूगोल र इतिहास | • आफ्नो टोल र वस्तीको नाम बताउन<br>• चौबिसे गाउँपालिकाको नक्शा चिन्न | • आफ्नो गाउँपालिकाको नाम ,वडा नम्बर र टोल भन्न<br>• आफू बसेको स्थायी ठेगाना बताउन | • आफ्नो गाउँपालिका सँग जोडिएका अन्य स्थानीय तहको नाम बताउन। | • चौबिसेको गाउँपालिकाको सामान्य परिचय दिन।<br>• गाउँपालिकाको सिमाना ,क्षेत्रफल,जनसंख्या र भौगोलिक अवस्थिति बताउन। | • गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमी बताउन।<br>• चौबिसेको नक्सामा वडा छुट्याउन। अध्यक्ष तथा उपाध्यक्ष, वडाध्यक्ष नाम बताउन।<br>• वडा भित्र रहेका सेवा प्रदायक संस्थाहरु र तिनीहरुले दिने सेवा सुविधाहरु बारे बताउन। |
| २ स्थानीय जाति, भाषा ,धर्म र सँस्कृति | • आफ्नो परिवारमा बोलिने भाषाका नाम र धर्म बताउन।<br>• परिवारिक परिवेशमा प्रयोग हुने शब्दहरुको उच्चारण गर्न | • वडा भित्रका जातजातिको सूचीकरण गर्न<br>• विधालय तथा समुदायमा प्रयोग हुने शब्द तथा आदरसूचक एवं आज्ञात्मक शब्द पहिचान र उच्चारण गर्न | • परिवारिक र समुदायगत सामाजिक गतिविधिमा हुने शब्द पहिचान र उच्चारण गर्न<br>• सम्मानवोधक शब्दको प्रयोग र उच्चारण | • स्थानीय भाषाको विवरणात्मक चिनारी बताउन<br>• स्थानीय जातिहरुको मानिने धर्म र भेषभूषा बताउन। | • चौबिसे गाउँपालिकामा बोलिने प्रमुख स्थानीय भाषा बोल्नेहरुको संख्यात्मक बिबरण लेख्न<br>• नेपाली भाषाको विकासमा स्थानीय भाषाको योगदान बताउन |



अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| | • आफ्नो मातृभाषामा कुराकानी सोधपुछ र प्रश्नोतर गर्न<br>• छिमेकमा बोलिने भाषाको नाम र धर्म बताउन<br>• -नेपाली भाषा र अन्य भाषाको उच्चारण अभ्यास गर्न<br>• स्थानीय भाषाको वर्ण पहिचान गर्न | • नेपाली भाषा र स्थानीय भाषाको ध्वनिगत विभेदीकरण र उच्चारण गर्न<br>• चौबिसेमा बसोबास गर्ने प्रमुख जातजातिको सूचिकरण गर्न<br>• स्वर वर्ण र व्यन्जन वर्णको उच्चारण गर्न<br>• हलन्त र अजन्तको उच्चारण गर्न<br>• स्थानीय भाषामा चराचरुङ्गी जनावर आदिको नाम बताउन | • नेपाली भाषा र अन्य भाषाका उच्चारणगत भिन्नता पत्ता लगाउन | • -नेपाली भाषामा अन्य भाषाबाट आएका शब्दहरु पहिचान गर्न<br>• स्थानीय भाषा र संस्कृतिको सम्बन्ध बताउन<br>• स्थानीय भाषाका बालगित, बालकथाको गायन तथा वाचन गर्न<br>• अरुका धर्मको सम्मान गर्न। | • स्थानीय संस्कृतिको संरक्षणमा स्थानीय भाषाले खेलेको भूमिका लेख्न<br>• स्थानीय चाडपर्वहरुको वर्णन गर्न।<br>• धार्मिक सहिष्णुताको बारेमा बताउन र अवलम्बन गर्न। |
| ३. सरसफाइ र फोहोर व्यवस्थापन | • व्यक्तिगत सरसफाइ सम्बन्धी चित्र चिन्न<br>• फोहोर फाल्ने ठाउँ र भाडाहरु चिन्न (रोतो, निलो, हरियो आदि) | • व्यक्तिगत सरसफाइ गर्न<br>• फोहोर संवधित ठाउँमा फाल्न | • व्यक्तिगत सरसफाइबाट हुने फाइदा/बेफाइदा बताउन<br>• कुहिने, नकुहिने फोहोर छुट्याउन | • घर आगन र विधालयको सफाई राख्ने उपाय बताउन<br>• कुहिने न कुहिने फोहोरको पहिचान र व्यवस्था गर्न | • प्रदुषणको परिचय<br>• प्रदुषणको प्रकार, स्रोतहरु बताउन<br>• फोहोर व्यवस्थापनका फाइदाहरु बारे बताउन |



अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| ४. योग,व्यायाम र आहार | • अभिनयमा हावस्ने अभ्यास गर्ने<br>• औंला हात खुट्टाको सूक्ष्म अभ्यास गर्ने<br>• ध्यान मुद्रामा वसी ॐ उच्चारण गर्ने<br>• सन्तुलित आहार | • सूक्ष्म अभ्यास<br>• -अभिनयमा हाँस्ने अभ्यास गर्न<br>• औंला, हात खुट्टा र आँखाको अभ्यास गर्न<br>• ध्यान मुद्रामा वसी ॐ उच्चारण गर्न<br>• भास्त्रिका प्राणायम गर्न<br>• सन्तुलित आहार (आफ्नो छर छिमेक र टोलमा चाडपर्वमा खाने खानाको परिचय दिन) | • ध्यान मुद्रामा बसी ॐ उच्चारण<br>• भास्त्रिका प्राणायम गर्न<br>• अनुलोम विलोम प्राणायम गर्न<br>• कपालभाँती अभ्यास गर्न<br>• मण्डुकासन अभ्यास गर्न<br>• सन्तुलित आहारको अर्थ बताउन | • ध्यान मुद्रामा बसी ॐ उच्चारण<br>• भास्त्रिका प्राणायम गर्न<br>• अनुलोम विलोम प्राणायम गर्न<br>• मण्डुकासन अभ्यास गर्न<br>• सन्तुलित आहारको तत्वहरु बताउन | • भ्रामरी प्राणायय गर्न<br>• भ्रामरी प्राणाययका फाइदा बताउन<br>• योग गर्नु पूर्व ध्यान दिनुपर्ने कुराहरु बताउन<br>• सन्तुलित भोजनका स्रोतहरु बताउन |
| ५. नैतिक मूल्य-मान्यता र सदाचार | • सबैसँग मिलेर बस्न र नाता एवं सम्बन्ध अनुसार सम्बोधन गर्न। | • साथी समूह सँग मिलेर बस्न र सहयोग आदान प्रदान गर्न<br>• अपाङ्गताको पहिचान र सहयोग गर्न<br>• -गुरु/अग्रजहरुलाई सम्मान सानालाई माया र सहयोग गर्न । | • अग्रजहरुको असल कार्यको अनुकरण/अनुसरण गर्न<br>• असहाय, जेष्ठ नागरिक तथा अशक्तहरुलाई सहयोग र सम्मान गर्न। | • संस्कार युक्त नागरिक बन्न<br>• अपाङ्गता भएकोलाई सम्मान र सहयोग गर्न। | • स्थानीय असल संस्कार सम्यता र मूल्य भान्यता सँग परिचित हुन ।<br>• समाजबाट स्वकृित नीति नियम, आचरणको पालना गर्न। |



अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| ६. सडक सुरक्षा | • चित्र हेरी कच्ची र पक्की सडक छुट्याउन। | • चित्र हेरी तीन वटा सवारी साधनको नाम बताउन। | • जेब्रा क्रसिङ्गको पहिचान गरी सोही स्थानबाट बाटो काट्न। | • सडक पार गर्दा ध्यान दिनु पर्ने उपायहरु बताउन।<br>• आकाशे पुल बारेमा बताउन | • ट्राफिक चिह्न र तिनीहरुको संकेतको अर्थ बताउन<br>• उकालो,, ओरालो, साँघुरो बाटो ,नो पार्किङ,यु टर्न आदि। |
| ७.हाम्रो वातावरण -जलवायु परिवर्तन - विपद व्यवस्थापन | • घर तथा स्थानीय स्तरमा पालिने जनावर र बोटबिरुवाको नाम बताउन<br>• स्थानीय क्षेत्रमा भएका पानीका स्रोत बताउन<br>• जलवायुको परिभाषा बताउन।<br>• बिपतको अर्थ बताउन। | • घर र विद्यालयमा भएका वोट विरुवाहरुको संरक्षणमा सहयोग गर्न<br>• घर र विद्यालयमा वृक्षारोपणमा सहयोगी हुन।<br>• वडामा भएका पानीका स्रोतहरुको पहिचान गर्न<br>• बिपदको प्रकार बताउन।<br>• जलवायु परिवर्तनको अर्थ बताउन। | • जलवायुपरिवर्तनका असरहरु बताउन।<br>• पानीका स्रोतहरुको उपयोग गर्ने तरिका वताउन र सदुपयोग गर्न।<br>• विपद व्यवस्थापनको अर्थ बताउन। | • जलवायु परिवर्तनका कारणहरु बताउन।<br>• विपद अवस्थाको पहिचान गर्न र विपद पूर्वतयारीका उपायहरु बताउने। | • जलवायु परिवर्तनका संकटहरुबाट बच्न सकिने उपायहरु लेख्न र सो कार्यमा अग्रसर हुन।<br>• वातावरण संरक्षणको परिचय दिन<br>• बिपद- व्यवस्थापनको चक्र र चरण उल्लेख गर्न। |
| ८. स्थानीय पर्यटन | • आफ्नो नजिकको पर्यटकीय स्थलको नाम चित्र हेरेर भन्न सक्ने। | • आफनो स्थानीय स्तरमा रहेको पर्यटकीय क्षेत्रको | • स्थानीय स्तरमा रहेको पर्यटकीय स्थलको नाम | • स्थानीय पर्यटन स्थलका संरक्षणका कुनै ३ | • भ्रमण र पर्यटनको परिभाषा बताउन। |



अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| | | नाम भन्न र लेख्न सक्ने। | लेख्न र परिचय बताउन। | वटा उपायहरु र यसको व्यवसायिक उपयोगिता बताउन | • चौबिसे गाउँपालिकाका पैदल भ्रमणका मार्गहरुको सूची बनाउन। उक्त पर्यटकीय स्थलहरुको विकासका लागि आवश्यक पर्ने पूर्वाधारहरु उल्लेख गर्न। |
| ९.स्थानीय पेशा व्यवसाय र प्रविधि (सुन्तला खेती) | -सुन्तला जात फलफूलको परिचय र महत्व बताउन। | -सुन्तला जात फलफूलको लागि उपयुक्त हावापानी,माटोको बारेमा बताउन।<br><br>-बगैचा स्थल छनोट गर्न। | - नेपालमा पाइने सुन्तलाका जात बताउन।<br>-सुन्तला बगैंचा स्थापना र व्यस्थापनका तरीका बताउन। | - खाडल खन्ने र पुर्ने र बिरुवा सार्ने प्रकृया बताउन। | • - वेसिन बनाउने, सकर हटाउने र टपवर्किङका प्रकृया बताउन।<br>• ग्राफ्टिङ,मल्चिङ र काँटछाँट सम्बन्धी उल्लेख गर्न। |



अध्यक्ष

## कक्षाः १

| विषय क्षेत्र | सिकाई उपलब्धि | विषयबस्तुको विस्तृतिकरण | शिक्षण सिकाई कृयाकलाप विस्तृतिकरण | मूल्याकन प्रकृया |
|---|---|---|---|---|
| १. चौबिसे को भूगोल र इतिहास | • आफ्नो टोल र वस्तीको नाम बताउन<br>• चौबिसे गाउँपालिकाको नक्शा चिन्न | • टोल र बस्तीको नाम ।<br>-चौबिसे गाउँपालिकाको नक्शा | • विद्यार्थीलाई आफ्नो टोल र बस्तीकोको नाम भन्न लगाउने<br>• -टोलको सिमाना भन्न लगाउने।<br>-चौबिसे गाउँपालिकाको नक्शा प्रदर्शन र छलफल | • तपाइ बसेको टोलको नाम भन्नुहोस् ।<br>• सिमाना बताउनुहोस्।<br>• ठीक वेठीक छुट्याउन लगाउने<br>• चौबिसे गाउँपालिकाको नक्शा देखाएर प्रश्न गर्ने। |
| २ स्थानीय जाति, भाषा ,धर्म र सँस्कृति | • आफ्नो परिवारमा बोलिने भाषाका नाम र धर्म बताउन।<br>• परिवारिक परिवेशमा प्रयोग हुने शब्दहरुको उच्चारण गर्न<br>• आफ्नो मातृभाषामा कुराकानी सोधपुछ र प्रश्नोतर गर्न<br>• छिमेकमा बोलिने भाषाको र धर्मको नाम बताउन।<br>• -नेपाली भाषा र अन्य भाषाको उच्चारण अभ्यास गर्न | • परिवारमा बोलिने भाषा र धर्मको नाम<br>• परिवारिक परिवेशमा प्रयोग हुने शब्दको उच्चारण<br>• शिष्टाचारको लागि प्रयोग हुने शब्दको उच्चारण<br>• छिमेकमा बोलिने भाषा<br>• नेपाली भाषा र अन्य स्थानीय भाषाका ध्वनि उच्चारण अभ्यास, | • वस्तु चित्र प्रदर्शन गरी स्थानीय भाषामा ती वस्तुलाई भनिने शब्द र त्यसको उच्चारण<br>• स्थानीय स्तरमा बोलिने भाषाहरु, विद्यार्थीहरु कुन भाषा बोल्छन् सोधेर थप कुरा शिक्षकले सहजीकरण गर्ने<br>• स्थानीय भाषामा पहिरन, रुख विरुवाको नामाबली सूची बनाई प्रस्तुत गर्ने | • तिम्रो घरमा कुन भाषा बोलिन्छ भन ।<br>• स्थानीय भाषामा शिस्टाचारका शब्दहरु भन ।<br>• तिमी कुन कुन भाषा बोल्न सक्छौ ?<br>• स्थानीय भाषामा पहिरन, रुख विरुवा र चराचुरुङ्गीको चित्र र नाम जोडेर मिलाउ ।<br>• खाली ठाउँ भर। |



अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | • स्थानीय भाषाको वर्ण पहिचान गर्न | • स्थानीय चराचुरुङ्गी ,पहिरन, वनस्पतिको स्थानीय भाषाको वर्णमा जानकारी। | • स्थानीय रुपमा प्राप्त गर्न सकिने स्थानीय भाषाको जानकार व्यक्तिलाई स्वयमंसेवकको रुपमा उपयोग गर्न सकिने। | |
| ३. सरसफाइ र फोहोर व्यवस्थापन | • व्यक्तिगत सरसफाइ सम्बन्धी चित्र चिन्न<br>• फोहोर फाल्ने ठाउँ र भाडाहरु चिन्न (रोतो, निलो, हरियो आदि) | • व्यक्तिगत सरसफाइ (हात धुने, ब्रस गरेको, ,नङ्ग काटेको, ,नुहाएको आदि)<br>• फोहोर फाल्ने ठाउँ (हरियो, निलो, रातो भाडा) | • व्यक्तिगत सरसफाइ सम्बन्धी चित्र देखाई त्यस्तै गर्न लगाउने ।<br>• फोहोर फाल्ने भाँडाको सचित्र चिनारी गराउने | • व्यक्तिगत सरसफाइ भए नभएको हेर्ने।<br>• व्यक्तिगत सरसफाइका कार्यहरु भन्न लगाउने<br>• जोडा मिलाउन लगाउने<br>• कुहिने र नकुहिने फोहोर देखाउनुहोस । |
| ४. योग,व्यायाम र आहार (क.योग शिक्षा) | • ध्यान मुद्रामा बसी ॐ उच्चारण गर्न । | • ॐ उच्चारण<br>• ध्यान मुद्रा | • सजिलो आसनमा बसी ध्यानमा व्यस्त राख्ने<br>• ध्यानको समय सकिएपछि लामो सास तानेर रोक्ने र ॐ को उच्चारण सँगै स्वास छोड्दै जाने अभ्यास गराउने<br>• जान्ने विद्यार्थीबाट पटक पटक अभ्यास गराउँदै अरुलाई पनि अभिप्रेरित गर्ने र बारम्बार अभ्यास गराउने । | • ध्यान कसरी गरिन्छ ?गरेर देखाउ ।<br>• ॐ को उच्चारण गरेर देखाऊ ।<br>• -ध्यान कसरी गरिन्छ ?गरेर देखाउ ।<br>• ॐ को उच्चारण गरेर देखाऊ । |



अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | | | • जान्ने विद्यार्थीबाट पटक पटक अभ्यास गराउँदै अरुलाई पनि अभिप्रेरित गर्ने र बारम्बार अभ्यास गराउने । | |
| . योग,व्यायाम र आहार (सन्तुलित आहार) | • आफ्नो घरमा खाने गरेका खानेकुराको नाम भन्न | • आहारको परिचय<br>• विभिन्न किसिमका खानेकुराहरु (शरीरिक वृद्धि.....शक्ति दिने, , भिटामिन......) | • तिमीहरु के के खाना खान्छौ भन्ने प्रश्न सामूहिक रुपमा राख्ने<br>• व्यक्तिगत उत्तर सेतोपाटीमा टिपोट गरी आहार भनेको हामीले दैनिक रुपमा बाँच्नको लागि खाने अन्न, तरकारी तरकारी, माछा, मासु, दुध, दही आदि हुन भन्ने कुरा प्रस्ट पारी दिने । | • आहार भनेको के हो ? |
| ५. नैतिक मूल्य मान्यता र सदाचार | • सबै सँग मिलेर बस्न र नाता एवं सम्बन्ध अनुसार सम्बोधन गर्न। | • साथी समूहसँग घुलमिल, शिक्षक, बुवा आमा र आफू भन्दा ठूलालाई सम्मान र सम्बोधन गर्ने ।<br>• नाता लगाएर बोल्न र बोलाउन । | • साथी भाई सँग घुलमिल हुन शिक्षक स्वयं विद्यार्थीसँग घुलमिल हुने, उनिहरुलाई नाता अनुसार सम्बोधन गर्न लगाउने,<br>• STEAM Pedagogy मार्फत विषयवस्तुहरुलाई समग्र रुपमा बुझाउने, चित्र तथा | • साथीहरुसँग गरेका व्यवहारहरुको अवलोकन गर्ने ।<br>• सम्मान ,सम्बोधन र कुराकानीमा सिकारुले प्रयोग गरेका भाषा तथा सम्बोधनको आधारमा मूल्याङ्कन गर्ने। |



अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | | • सानालाई तथा अपाङ्गता भएको र अशक्तहरुलाई माया र सहयोग | तस्विरको प्रयोग गरेर पनि यो काम गर्न सकिन्छ ।<br>• सम्मान र सम्बोधन तथा अपाङ्गता र अशक्तहरुसँग सहयोग आदान प्रदान गर्न लगाउने ।<br>• बालबालिकाहरुलाई सोही अनुरुपको क्रियाकलाप गराउन अभिनय, भूमिका निर्वाह, नाटकीकरण विधिको अवलम्बन गर्दै क्रियाकलाममा सहभागी गराउन सकिन्छ । भिडियो प्रदर्शन तथा कथाकथन विधि मार्फत पनि यस्ता कुराहरु सिकाउन सकिन्छ । | • व्यवहार अवलोकन गर्ने र अपेक्षित व्यवहार प्राप्त भए नभएको यकिन गरी मूल्याङ्कन गर्ने । |
| ६. सडक सुरक्षा | • चित्र हेरी कच्ची र पक्की सडक छुट्याउन | • कच्ची सडक<br>• पक्की सडक | • कच्ची र पक्की सडकका चित्र पोस्टर, भिडियो देखाइ प्रस्ट पार्ने | • पहिचान गर्न लगाउने<br>• अवलोकन गर्ने । |
| ७. हाम्रो वातावरण (जलवायु | • घर तथा स्थानीय स्तरमा पालिने जनावर र बोटबिरुवाको नाम बताउन | • स्थानीय स्तरमा पालिने जनावर<br>• घरवरपरका वोट विरुवाहरु | • प्रश्नोत्तर, छलफल<br>• अवलोकन भ्रमण<br>• प्रयोगात्मक कार्य | • आफ्नो घर र छिमेकमा पालिने जनावरहरुको नाम भन्नु होस्।<br>• आफ्नो टोलमा भएका कुनै ४ विरुवाको नाम भन्नुहोस। |



अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| परिवर्तन र विपद व्यवस्थापन) | • स्थानीय क्षेत्रमा भएका पानीका स्रोत बताउन<br>• जलवायुको परिभाषा बताउन।<br>• बिपतको अर्थ बताउन। | • वोट विरुवाको संरक्षण<br>• स्थानीय पानीका स्रोतहरु<br>• जलवायुको परिभाषा<br>• विपदको अर्थ | • जलवायु र विपद अवस्थाका चित्र र चार्टहरु। | • पानीको स्रोतहरु वताउनुहोस्।<br>• सम्बन्धित प्रश्नहरु। |
| ८. स्थानीय पर्यटन | • आफ्नो नजिकको पर्यटकीय स्थलको नाम चित्र हेरेर भन्न सक्ने।(छाँगे झरना,भूते दह,बन्दुके डाँडा र बाघमारा गुफा,जेफाले भ्यु टावर,दुम्से मन्दिर,थाकेलुङ,डिहीटार,डगलसिंह पार्क,खादले सिध्ददेवी,युमा माङ्हिम आदि) | • नजिकको पर्यटकीय स्थलको नाम सहितको चित्र | • नजिकको पर्यटकीय स्थलको नाम सहितको चित्र हरु देखाउने। | • चित्र चिन। |
| ९.स्थानीय पेशा व्यवसाय (सुन्तला खेती) | -सुन्तला जात फलफूलको परिचय र महत्व बताउन। | • सुन्तला फलको परिचय र महत्व। | • सुन्तला फलको महत्व भन्न लगाउने। | • सुन्तला फलको महत्व के छ? |

कक्षागत सिकाइ उपलब्धी/सक्षमताहरु विस्तृतीकरण

**कक्षाः २**



अध्यक्ष

| विषय क्षेत्र | सिकाई उपलब्धि | विषयबस्तुको विस्तृतिकरण | शिक्षण सिकाई कृयाकलाप/विस्तृतिकरण | मूल्याकन प्रकृया |
|---|---|---|---|---|
| १. चौबिसेको भूगोल र इतिहास | • आफ्नो गाउँपालिकाको नाम ,वडा नम्बर र टोल भन्न<br>• आफू बसेको स्थायी ठेगाना बताउन | • गाउँपालिकाको नाम<br>• वडाको परिचय र टोल<br>• आफू बसेको स्थायी ठेगाना | • विद्यार्थीलाई आफ्नो गाउँपालिकाको नाम भन्न लगाउने<br>• आफ्नो वडाको न. भन्न लगाउने (प्रश्नोत्तर र छलफल विधिको प्रयोग) | • -तपाईको गाउँपालिकाको नाम भन्नुहोस् ।<br>• तपाईको वडा नं. बताउनुहोस् ।<br>• खाली ठाउँमा भर्नुहोस् ।<br>• बहुवैकल्पिक प्रश्नहरु |
| २<br>स्थानीय जाति, भाषा ,धर्म र सँस्कृति | • आफ्नो परिवारमा बोलिने भाषाका नाम र धर्म बताउन।<br>• परिवारिक परिवेशमा प्रयोग हुने शब्दहरुको उच्चारण गर्न<br>• आफ्नो मातृभाषामा कुराकानी सोधपुछ र प्रश्नोतर गर्न<br>• छिमेकमा बोलिने भाषाको नाम र धर्म बताउन | • विद्यालय र समुदायमा प्रयोग हुने आदर सूचक शब्दको उच्चारण गर्न ।<br>• नेपाली भाषा र स्थानीय भाषाको ध्वनीगत विभेदीकरण चन्द्रविन्दुको उच्चारण<br>• स्वर र व्यञ्जन वर्णको उच्चारण क्रियाकलाप तथा वस्तु वर्णन | • सम्वाद छलफल र प्रश्नोत्तर गर्दै समुदायमा प्रयोग हुने आज्ञा सूचक शब्दहरुको पहिचान र उच्चारण गराउने।<br>• स्थानीय भाषाका ध्वनीगत विभेदीकरण, चन्द्रविन्दु शीरविन्दु, स्वर व्यञ्जन वर्ण, हलन्त अजन्त, शब्दको उच्चारण गराउँदै पाटीमा टिप्न लगाउने ।<br>• स्थानीय भाषामा पशु, चराचुरूङ्गी रुख, विरुवाको नामावली सूची बनाइ प्रस्तुत गर्ने । | • प्रश्नोत्तर<br>• बहुवैकल्पिक प्रश्नहरु |


अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | • -नेपाली भाषा र अन्य भाषाको उच्चारण अभ्यास गर्न<br>• स्थानीय भाषाको वर्ण पहिचान गर्न | • स्थानीय भाषामा चराचुरूङ्गी पशु, बोटबिरुवाको नाम | | |
| ३. सरसफाइ र फोहोर व्यवस्थान | • व्यक्तिगत सरसफाइ (हात धुने, ब्रस गरेको, ,नङ्ग काटेको, ,नुहाएको आदि)<br>• फोहोर फाल्ने ठाउँ (हरियो, निलो, रातो भाडा) | • व्यक्तिगत सरसफाइ (हात धुने, कपाल कोर्ने, नङ्ग काट्ने आदि)<br>• फोहोरलाई सम्बन्धित ठाउँमा फ्याक्ने/फाल्ने (रातो, निलो, हरियो भाँडो) | • व्यक्तिगत सरसफाइ सम्बन्धी चित्र देखाइ उक्त कार्य गर्न लगाउने<br>• फोहोर फाल्ने भाडाको बारेमा जानकारी दिदै फोहोरलाई सम्बन्धित फाल्नुपर्ने कुरामा जोड दिने । | • व्यक्तिगत सरसफाइ गर्ने कुनै तीनवटा तरीका लेख्नुहोस् ।<br>• चित्र र शब्दको जोडा मिलाउनुहोस् ।<br>• उपयुक्त शब्द छानी खाली ठाउँमा भर्नुहोस् । छुटेका अक्षर भर्नुहोस् । |
| ४. योग,व्यायाम र आहार ( योग र व्यायाम) | • सूक्ष्म अभ्यास<br>• -अभिनयमा हाँस्ने अभ्यास गर्न<br>• औंला, हात खुट्टा र आँखाको अभ्यास गर्न<br>• ध्यान मुद्रामा वसी ॐ उच्चारण गर्न<br>• भास्त्रिका प्राणायम गर्न<br>• सन्तुलित आहार (आफ्नो छर छिमेक र | • अभिनय गरेर हाँस्ने।<br>• सूक्ष्म अभ्यास ,आँखाको अभ्यास | • शिक्षकले एउटा अभिनय गर्नसक्ने विद्यार्थी छान्ने<br>• विद्यार्थीलाई अभिनय गर्न प्रेरित गर्ने<br>• अभिनय गर्न चाहने विद्यार्थीलाई अनुकुल वातावरण तयार गरिदिने<br>• शिक्षकले अभिनको आधारमा हाँसो प्रस्तुत गर्ने ।<br>• मुखामुखगरी हाँसो अझ बढाउने । | • औंलाको अभ्यास गरेर देखाउनुहोस् ।<br>• हातको अभ्यास गर्नुहोस् ।<br>• आँखाको अभ्यास गर्नुहोस् ।<br>• ध्यान मुद्रामा उच्चारण गर्नुहोस् ।<br>• प्रशनोत्तर<br>• अभ्यास र अवलोकन |



अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | टोलमा चाडपर्वमा खाने खानाको परिचय दिन) | | • शिक्षकले विद्यार्थीलाई चोरमा गेलाकार राखेर औंलाको सूक्ष्म अभ्यासको विधि प्रदर्शन गर्ने ।<br>• कुनै विद्यार्थीलाई बोलाई शिक्षकले निर्देशन दिदै औंला हात र खुट्टाको अभ्यास पालैपालो गर्ने<br>• बीच-बीचमा अन्य विद्यार्थीलाई प्रश्नोत्तर विधिबाट औंला हात र खुट्टाको अभ्यास गर्ने विधि प्रष्ट पार्ने ।<br>• शिक्षकले आँखाको अभ्यास गरेर देखाउने।<br>• आँखा खोल्ने र बन्द गर्ने अभ्यास गराउने। दाँया बाँया आँखा घुमाउने अभ्यास गर्ने/गराउने ।<br>• टाउँको स्थिर राखी आँखा बन्द खोल्ने, दाँया, बाँया हेर्ने, अभ्यास गराउन ।<br>• घडीको विपरित दिशामा घुमाउन लगाउने।<br>• आँखा बन्द गरी दुवै हात रगडी हातको तातोपनाले आँखा सेक्ने र अनुहारमा मसाज गर्ने । | |



अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ४.२ प्राणायाम | • भस्त्रिका प्राणायम गर्न | • भस्त्रिका प्राणायम तरीका र अभ्यास | • शिक्षकले सुखासन र ध्यान मुद्राको परिचय दिदै आँखा बन्द गरी लामो श्वास लिने र लामो समय लगाएर छोड्ने अभ्यासको जानकारी गराउँदै सबै विद्यार्थीलाई भस्त्रिका प्राणायम अभ्यास गराउने । | • भस्त्रिका प्राणायम गरेर देखाउनुहोस । |
| ४.३ सन्तुलित आहार | • आफ्नो छरछिमेक, टोल तथा चाडपर्वमा खाने खानाको परिचय दिन | • आहारको परिचय | • शिक्षकले विद्यार्थीको छरछिमेकमा खाने कुराको बारेमा प्रश्नोत्तर गर्ने । विद्यार्थीको उत्तर पाटीमा टिप्दै जाने ।<br>• हाम्रो घर, छरछिमेकमा र विभिन्न चाड पर्वमा खाइने खाना तथा परिकार सबै हाम्रा आहार हुन भनी स्पष्ट पारी दिने । | • हाम्रा आहारको परिचय दिनुहोस् । |
| ५. नैतिक मूल्य मान्यता र सदाचार | • सबैसँग मिलेर बस्न र नाता एवं सम्बन्ध अनुसार सम्बोधन गर्न। | • आफ्ना साथी समूहसँग सहयोग आदान-प्रदान गर्ने<br>• कक्षा कोठामा अपाङ्गता भएकाहरुको पहिचान गर्ने र मेलमिलाप गर्ने | • आफ्ना साथी भाइ सँग मिलेर बस्ने वातावरण कक्षाकोठामा मिलाउन सकिन्छ ।<br>• सहयोग मेलमिलाप, सम्मान गर्ने, माया सद्भाव तथा असल परम्परा आदान-प्रदान गर्ने अभ्यासात्मक | • विद्यार्थीहरुले साथीसँग गरेको व्यवहार, अपाङ्गता भएका सँगको व्यवहार अवलोकन गरी मूल्याङ्कन गर्ने ।<br>• मूल्य मान्यता र सकारात्मक व्यवहार नमूना देखाएर |


अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | | • गुरू र परिवारका अग्रजहरुको सम्मान गर्न ।<br>• सानालाई माया र सहयोग गर्न | क्रियाकलाप विद्यार्थीहरुमा गराई सहभागी गराउन सकिन्छ ।<br>• असल परम्पराका विभिन्न नमूनाहरुको भिडियो तथा वास्तविक अवस्थाको अवलोकन, प्रश्नोत्तर अभिनय जस्ता विविध क्रियाकलाप गराउन सकिन्छ ।<br>• कथा प्रवचन, पुराण जस्ता धार्मिक कुरामा भ्रमण गराई मूल्य मान्यता सिकाउन सकिन्छ । | प्रश्नोत्तर, व्यवहार अवलोकन गरेर उद्देश्य पूरा भए नभएको यकिन गर्ने । |
| ६) सडक सुरक्षा | • चित्र हेरी तीन वटा सवारी साधनको नाम बताउन | • सवारी साधनहरु जस्तैः कार, ट्रक, मिनीबस भ्यान, टेम्पो, बस । | • सवारी साधनहरू भएको चित्रहरू, पोस्टर देखाई विद्यार्थीलाई चिनाउने र चित्र लगाउने | • अवालोकन<br>• प्रश्नोत्तर<br>• प्रदर्शन<br>• छुटेका अक्षर पुरा गरी सवारी साधनको नाम बताउनु लगाउने । |
| ७.हाम्रो वातावरण<br>-जलवायु परिवर्तन<br>- विपद व्यवस्थापन | • घर र विद्यालयमा भएका वोट विरुवाहरुको संरक्षणमा सहयोग गर्न | • आफ्नो वडामा पाइने वनष्पतिहरुको चित्र र चार्ट<br>• स्थानीय तहमा पाइने वोट विरुवाको वर्गीकरण | • चित्र प्रदर्शन, छलफल<br>• चार्ट, चित्रहरु<br>• घर र विद्यालयमा वृक्षारोपण गर्ने/गराउने | • आफ्नो वडामा पाइने चराचुरुङ्गी र जनावरहरु के के हुन?<br>• वगैचा भनेको के हो ? |

| | | | | |
|---|---|---|---|---|
| | • घर र विद्यालयमा वृक्षारोपणमा सहयोगी हुन।<br>• वडामा भएका पानीका स्रोतहरुको पहिचान गर्न<br>• बिपदको प्रकार बताउन।<br>• जलवायु परिवर्तनको अर्थ बताउन। | ,घर र विद्यालयमा वृक्षारोपण।<br>• आफ्नो वडामा भएका पानीका स्रोतहरु र मुहान फोहर हुने कारणहरुको सूची।<br>• जलवायुको परिवर्तन धारणा दिने चार्ट।<br>• बिपतको प्रकार खुल्ने चित्रहरु। | • पानीका स्रोतहरु के के हुन भनी प्रश्नोत्तर छलफल गराउने ।<br>• फोहर हुने कारणहरु के के हुन सक्छन् छलफल गराउने ।<br>• जलवायु परिवर्तन र विपदका प्रकारहरु सम्बन्धमा छलफल गराउने। | • तपाईका वडाका पानीका स्रोतहरु के के हुन् ?<br>• प्रश्नोत्तर |
| ८.स्थानीय पर्यटन | • आफ्नो स्थानीय स्तरमा रहेको पर्यटकीय क्षेत्रको नाम भन्न र लेख्न सक्ने। | • आफ्नो स्थानीय स्तरमा रहेको पर्यटकीय क्षेत्रको नामको सूची। | • आफ्नो स्थानीय स्तरमा रहेको पर्यटकीय क्षेत्रको नामको सूची प्रदर्शन। | • आफ्नो स्थानीय स्तरमा रहेको पर्यटकीय क्षेत्रको नामको सूची तयार गर।<br>• प्रश्नोत्तर |
| ९.स्थानीय पेशा,व्यवसाय (सुन्तला जातको फलफूल खेती) | -सुन्तला जात फलफूलको लागि उपयुक्त हावापानी,माटोको बारेमा बताउन।<br>• बगैचा स्थल छनोट गर्न। | • स्थानीय स्तरमा खेती गरिने सुन्तलाका असल जातको सूची। | • स्थानीय स्तरमा खेती गरिने सुन्तलाका असल जातको सूची प्रदर्शन।<br>• सुन्तला फलफूलको लागि उपयुक्त हावापानी,माटोको प्रकारको चार्ट प्रदर्शन र छलफल। | • स्थानीय स्तरमा खेती गरिने सुन्तलाका असल जातको सूची तयार गर।<br>• सुन्तला फलफूलको लागि उपयुक्त हावापानी,माटोको प्रकार उल्लेख गर। |



अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | | सुन्तला फलफूलको लागि उपयुक्त हावापानी,माटोको प्रकारको चार्ट।<br>• बगैचा स्थल छनोट गर्न अपनाइने स्थानको नमुना। | • बगैचा स्थल छनोट गर्न अपनाइने स्थानको बारेमा बताउने। | • सुन्तला खेतीको लागि कस्तो बगैचा स्थल छनोट गर्नुपर्दछ? |

## कक्षागत सिकाइ उपलब्धी/सक्षमताहरु विस्तृतिकरण

कक्षाः ३

| विषय क्षेत्र | सिकाई उपलब्धि | विषयबस्तुको विस्तृतिकरण | शिक्षण सिकाई कृयाकलाप/विस्तृतिकरण | मूल्याकन प्रकृया |
|---|---|---|---|---|
| १ . चौबिसेको भूगोल र इतिहास | • आफ्नो गाउँपालिका सँग जोडिएका अन्य स्थानीय तहको नाम बताउन। | • आफ्नो गाउँपालिका सँग जोडिएका अन्य स्थानीय तहका नामहरु। | • गाउँपालिका सँग जोडिएका अन्य स्थानीय तहका चित्रको छलफल। | • तपाईंको गाउँपालिका सँग जोडिएका अन्य स्थानीय तहहरु कुन कुन हुन् ?<br>• खाली ठाउँ भर्नुहोस् । |



अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| २. स्थानीय जाति,भाषा ,धर्म र संस्कृति | • परिवारिक र समुदायगत सामाजिक गतिविधिमा हुने शब्द पहिचान र उच्चारण गर्न<br>• सम्मानवोधक शब्दको प्रयोग र उच्चारण<br>• नेपाली भाषा र अन्य भाषाका उच्चारणगत भिन्नता पत्ता लगाउन<br>• समुदायमा मानिने धर्मका बारेमा जानकारी। | • पारिवारिक र समुदायगत सामाजिक गतिविधिमा प्रयोग हुने शब्द पहिचान र उच्चारण<br>• सम्मानबोधक शब्दको प्रयोग र उच्चारण<br>• नेपाली भाषा र अन्य भाषाका उच्चारणगत भिन्नता<br>• स्थानीय भाषाका बालगीत बाल कथाको गायन तथा वाचन प्राकृतिक तथा सामाजिक परिवेशका चित्र वर्णन<br>• - परिवेशमा देखा परेका वस्तु क्रियाकलापको आफ्नो भाषामा वर्णन<br>• समुदायमा मानिने धर्मका सूची। | • परिवार र समुदायमा प्रयोग हुने शब्दहरुको सूची बनाएर प्रस्तुत गर्ने,<br>• सम्मानबोधक शब्दहरुको प्रश्नोत्तर छलफल गर्ने/गराउने<br>• कुराकानी, संवाद, छलफल अन्तर क्रिया गर्ने/गराउने ।<br>• बालगीत तथा गायनमा सहभागितामूलक सिकाइमा जोड दिने ।<br>• प्राकृतिक चित्र र सामाजिक परिवेशको चित्र आफ्नो भाषामा वर्णन गर्न लगाउने ।<br>• समुदायमा मानिने धर्मका सूची प्रदर्शन र छलफल। | • परिवार र समुदायमा प्रयोग हुने शब्दहरुको सूची बनाउनुहोस् ।<br>• सम्मानबोधक शब्दहरु शुद्धसँग उच्चारण गर्नुहोस्।<br>• भाषा मिल्ने २ जना साथीहरुलाई कुनै १ विषयमा कुरा गर्न लगाउनुहोस्।<br>• बालगीत लयबद्ध गाउनुहोस्। ।<br>• कुनै सामाजिक तथा प्राकृतिक चित्रको वर्णन गर्नुहोस् ।<br>• आफ्नो समुदायमा मानिने विभिन्न धर्महरुको सूची तयार गर। |
| ३.सरसफाई र फोहर व्यवस्थापन | • व्यक्तिगत सरसफाइबाट हुने फाइदा, बेफाइदा बताउन। | • व्यक्तिगत सरसफाइका फाइदा/बेफाइदाको चार्ट।<br>• फोहोरका किसिम र व्यवस्थापन। | • व्यक्तिगत सरसफाइका फाइदा/बेफाइदा बारे छलफल गरी प्रश्नोत्तर गर्ने | • व्यक्तिगत सरसफाइबाट हुने कुनै तीनवटा फाइदा/बेफाइदाहरु लेख्नुहोस्ः |



अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | • कुहिने नकुहिने फोहर छुट्याउन | | • फोहरका प्रकारहरु पहिचान गरी समूहमा छलफल गराउने । | • कुहिने नकुहिने ३/३ वटा फोहोरको सूची बताउनुहोस्।<br>• खाली ठाउँ भर्नुहोस् ।<br>• जोडा मिलाउनुहोस् ।<br>• ठीक बेठीक छुट्याउनुहोस्। |
| ४. योग ,व्यायाम र आहार<br>४.१. प्राणायाम | • ध्यान मुद्रामा बसी ॐ उच्चारण गर्न | • ध्यान मुद्रा र ॐ उच्चारण | • शिक्षकले ध्यान मुद्राको आसन र तरिका स्पष्ट पार्ने<br>• ध्यान मुद्रामा बस्नुपूर्व केहीबेर अनुलोम विलोम वा भस्त्रिका प्राणायाम गराउने ।<br>• सजिलो आसनमा बसी ध्यानमा व्यस्त राख्ने<br>• ध्यानको समय सकिएपछि लामो श्वास तानेर राख्ने र ॐ को उच्चारण सँगै सास छाड्दै अभ्यास गराउने<br>• जान्ने विद्यार्थीबाट पटक पटक अभ्यास गराउँदै अरुलाई पनि अभिप्रेरित गर्ने र बारम्वार अभ्यास गराउने । | • ध्यान कसरी गरिन्छ<br>• देखाउनुहोस् |



अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | • भस्त्रिका प्राणायाम गर्न | • भस्त्रिका प्राणायाम | • शिक्षकले सुखासन र ध्यान मुद्रा ज्ञानमुद्राको परिचय दिदै लामो सास लिने र लामो समय लगाएर छोड्ने अभ्यासको जानकारी गराउँदै सबै विद्यार्थीलाई भस्त्रिका प्राणायामको अभ्यास गराउने । | • भस्त्रिका प्राणायाम गरेर देखाउनुहोस् । |
| | • अनुलोम विलोम प्राणायाम गर्न | • अनुलोम विलोम प्राणायाम | • शिक्षकले अनुलोम विलोम प्राणायाम गरेर देखाउने र विधि प्रष्ट पार्ने ।<br>• विद्यार्थीलाई सुखासनमा राखेर ज्ञान मुद्रा र ध्यान मुद्रामा राखी श्वास प्रश्वासको लय मिलाएर अनुलोम विलोम प्राणायामको अभ्यास गराउने। | • अनुलोम विलोम प्राणायाम गरेर देखाउनुहोस् । |
| ४.२ योग शिक्षा (आसन) | • मण्डुकासन अभ्यास गर्न | • मण्डुकासन | • शिक्षकले दुवै खुट्टा खुम्चाएर कुर्कुच्चा माथि बस्नुहोस् ।<br>• दुवै हातको मुठ्ठीले दबाब दिदै छाती र टाउको अगाडि झुकाउनुहोस्<br>• टाउकोलाई अगाडिमबाट पर हेर्नुहोस् । | |



अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | | | • अब सास छाड्दै विस्तारै माथि उठ्नुहोस्, यो प्रक्रिया ३/४ पटक दोहोऱ्याउनुहोस् ।<br>• अब विद्यार्थीहरुलाई यसैगरी मण्डुकासन अभ्यास गराउनुहोस् । | |
| ४.३ सन्तुलित आहार | • सन्तुलित आहारको अर्थ भन्न | • सन्तुलित आहारको परिचय | • सन्तुलित आहार के हो भन्ने प्रश्न पाटीमा लेख्नुहोस् ।<br>• विद्यार्थीको उत्तर टिपोट गर्नुहोस् ।<br>• टिपोट गरिएको उत्तरहरुमा छलफल गराउनुहोस् ।<br>• शिक्षकले सन्तुलित आहारको अर्थ लेखिएको चार्ट प्रस्तुत गर्दै हाम्रो शरीरलाई आवश्यक पर्ने कार्बोहाइटेड, प्रोटिन भिटामिन खनिज पदार्थ र पानीको आवश्यक मात्राको उपलब्धता हुने आहार नै सुन्तलित आहार हो भनी स्पष्ट पारिदिने । | • सन्तुलित आहार भनेको के हो<br>• स्पष्ट पार्नुहोस् । |
| ५.नैतिक मूल्य मान्यता र सदाचार | • अग्रजहरुको असल कार्यको | • शिक्षक तथा बाबु आमा र आफूभन्दा ठूलाले भनेको कार्य गर्ने र असहायलाई सहयोग गर्ने | • व्यवहार अवलोकन, भूमिका निर्वाह, समालोचनात्मक | • अनुशरण गरे नगरेको पहिचान गर्ने । |



अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | अनुकरण/अनुसरण गर्न<br>• असहाय, जेष्ठ नागरिक तथा अशक्तहरुलाई सहयोग र सम्मान गर्न | • अपाङ्गता भएका दुःखी बृद्धबृद्धा, अशक्तहरुलाई सम्मान र सहयोग अपाङ्गमैत्री बन्ने | चिन्तन जस्ता विधिलाई उपयोगमा ल्याउन सकिन्छ ।<br>• सहयोगको संस्कार विकास गर्न/गराउन तथा अपाङ्ग मैत्री बन्न उत्साहित गराउने ।<br>• क्रियाकलापहरु कक्षाकोठा भित्र र बाहिर गराउन सकिन्छ ।<br>• अवस्था परिवेश अनुसार उद्देश्य प्राप्तीका लागि विभिन्न विधि तथा<br>• प्रविधिहरुलाई प्रयोग गर्न सकिन्छ। अपाङ्गता भएकाहरुको सहयोगका लागि कक्षा कोठामा भूमिका अभिनय गरी स्पष्ट पार्ने | • सकारात्मक व्यवहार तथा सिकाइले प्राप्त गरेको सम्मान सम्बोधन, अपाङ्गमैत्री व्यवहार आदि सम्बन्धमा सान्दर्भिक प्रश्न । |
| ६.सडक सुरक्षा | • जेब्रा क्रसिङ्गको पहिचान गरी सोही स्थानबाट बाटो काट्ने | • जेब्रा क्रसिङको परिचय<br>• जेब्रा क्रसिङको संकेत चिन्ह<br>• बाटो काट्ने स्थान | • जेब्रा क्रसिङको बारेमा जानकारी प्रदान गर्ने<br>• पोस्टर र भिडियो प्रदर्शन गरी छलफल गर्ने<br>• क्षेत्र भ्रमण | • जेब्रा क्रसिङको चित्र चिन्ह लगाउने<br>• अवलोकन<br>• प्रश्नोत्तर<br>• छलफल |
| ७.हाम्रो वातावरण | • जलवायु परिवर्तनका असरहरु बताउन। | • जलवायु परिवर्तनका असरहरु(तापक्रममा वृध्दि,हिउँ पग्लिने, मौषममा अस्वभाविक घटना,कृषि र खाद्य सुरक्षामा | • जलवायु परिवर्तनका असरहरुको चार्ट प्रदर्शन गर्ने। | • जलवायु परिवर्तनका असरहरुको सूची बनाउनुहोस। |



अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| -जलवायु परिवर्तन<br>-विपद व्यवस्थापन | • विपद व्यवस्थापनको अर्थ बताउन। | प्रभाव,स्वास्थ्य जोखिम,जैविक विविधतामा ह्रास,जलस्रोत उर्जामा असर र सामाजिक-आर्थिक असर आदि)<br>• विपद व्यवस्थापनको अर्थ र पक्षहरू (जोखिम न्युनीकरण,पूर्वतयारी,प्रतिकार्य,पुनर्स्थापना) | • विपद व्यवस्थापनको अर्थ बताउने।<br>• विपद व्यवस्थापनका पक्षहरू समावेश भएको चार्ट। | • विपद व्यवस्थापनको अर्थ लेख।<br>• विपद व्यवस्थापनका पक्षहरू उल्लेख गर। |
| ८.स्थानीय पर्यटन | • स्थानीय स्तरमा रहेको पर्यटकीय स्थलको नाम लेख्न र परिचय बताउन। | • स्थानीय स्तरमा रहेको पर्यटकीय स्थलको सामान्य परिचय (जेफाले टावर,थाकेलुङ,.......... आदि) | • स्थानीय स्तरमा रहेको पर्यटकीय स्थलको हरुको सूची प्रदर्शन गर्दै उक्त स्थानको विशेषताको बारेमा सामान्य छलफल र जानकारी गराउने। (जेफाले टावर,थाकेलुङ,.......... आदि) | • जोडा मिलाउने।<br>• नजिकै रहेको पर्यटकीय स्थलको बारेमा भन्न लगाउने। |
| ९. स्थानीय पेशा र व्यवसाय (सुन्तला खेती) | • नेपालमा पाइने सुन्तलाका जात बताउन।<br>• -सुन्तला बगैंचा स्थापना र व्यस्थापनका तरीका बताउन। | • नेपालमा पाइने सुन्तलाका जातहरू (मियागावा वासे,इमामुरा वासे,ओकिचा वासे,ओतापोङकान,डोकोपोङ,हायका,फुटस् अर्ली,यसोदा पोङ्‌कान ,चुनाकावारी)<br>• सुन्तला बगैंचा स्थापना गर्दा ध्यान दिनुपर्ने कुराहरु( ज्यामितीय आकार,खाडल खन्ने र पुर्ने,गह्रा कान्ला,खाडल खन्ने र पुर्ने,विरुवा सार्ने) | • नेपालमा पाइने सुन्तलाका जातहरूको सूची देखाउने।<br>• सुन्तला बगैंचा स्थापना गर्दा ध्यान दिनुपर्ने कुराहरु बताउने।<br>• सुन्तला बगैंचा व्यस्थापनका तरीकाहरुमा प्रकाश पार्ने। | • नेपालमा पाइने सुन्तलाका जातहरूको सूची तयार गर।<br>• सुन्तला बगैंचा स्थापना गर्दा ध्यान दिनुपर्ने कुराहरु लेख।<br>• सुन्तला बगैंचा व्यस्थापनका तरीकाहरु उल्लेख गर। |



अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | | • सुन्तला बगैंचा व्यस्थापनका तरीका( बेसिन बनाउने,सकर हटाउने,टपवर्किङ गर्ने,ग्राफ्टिङ र मल्चिङ,काँटछाँट) | | |

## कक्षागत सिकाइ उपलब्धी/सक्षमताहरु विस्तृतीकरण

**कक्षाः ४**

| विषय क्षेत्र | सिकाई उपलब्धि | विषयबस्तुको विस्तृतिकरण | शिक्षण सिकाई कृयाकलाप/विस्तृतिकरण | मूल्याकन प्रकृया |
|---|---|---|---|---|
| १. चौबिसेको भूगोल र इतिहास | • चौबिसेको गाउँपालिकाको सामान्य परिचय दिन।<br>• गाउँपालिकाको सिमाना ,क्षेत्रफल,जनसंख्या र | • चौबिसेको वडा संख्या<br>• चौबिसेमा बसोबास गर्ने प्रमुख जातजातिको सूची<br>• गाउँपालिकाको सिमाना ,क्षेत्रफल,भौगोलिक दिशा | • चौबिसेको नक्शा प्रदर्शन गरी यसको परिचय दिने<br>• जातजातिको नामाबली लेखिएको चार्ट प्रदर्शन गरी छलफल गर्ने | • तपाई बसोबास गरेको पालिकामा कति वडा छन् । |



अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | भौगोलिक अवस्थिति बताउन। | पहिचान (पूर्व, पश्चिम, उत्तर, दक्षिणमा पर्ने ठाउँहरु) | • कम्पासको सहजीकरण गरी नक्शामा दिशा र स्थानहरु पहिचान गर्न लगाउने। | • नक्शा हेरी कुन दिशामा कुन ठाउँ पर्छ लेख्नुहोस् । |
| २ स्थानीय जाति,भाषा ,धर्म र संस्कृति | • स्थानीय भाषाको विवरणात्मक चिनारी बताउन<br>• स्थानीय जाति (राई)को खाना र भेषभूषा बताउन।<br>• स्थानीय भाषाको महत्व बताउन<br>• नेपाली भाषामा अन्य भाषाबाट आएका शब्दहरु पहिचान गर्न ।<br>• स्थानीय भाषा र संस्कृतिमा राई जातिको साकेला उँधौली उँभौली,साकेला सिली,मुन्दुम,सुसुलुङ,खानामा वाचिपा र तोङ्वा,धार्मिक कार्यहरु वाग्दान ,घेवा तथा बाजामा बिनायो र मुर्चुङ्गा को बारेमा बताउन । | • स्थानीय जातिका भाषाको विवरणात्मक चिनारी<br>• स्थानीय भाषाको महत्व<br>• नेपाली भाषामा अन्य भाषाबाट आएका शब्दहरु<br>• स्थानीय जाति (राई)को खाना र भेषभूषाको जानकारी।<br>• नेपाली भाषामा अन्य स्थानीय भाषाबाट आएका शब्दहरु<br>• स्थानीय भाषा र संस्कृति (राई जातिको) | • प्रचलित स्थानीय जातिका भाषाहरुको चिनारी निवन्ध, लेखका आधारमा दिन लगाउने।<br>• स्थानीय भाषाको अन्तरसम्बन्ध स्पष्ट पारीदिने ।<br>• स्थानीय भाषा र स्थानीय रुपमा मनाइने संस्कृति बताउने (प्रश्नोत्तर, छलफल क्षेत्र भ्रमण क्रियाकलाप गराउन सकिन्छ ।)<br>• नेपाली भाषामा अन्य स्थानीय भाषाबाट आएका शब्दहरु सङ्कलन गरी प्रदर्शन र छलफल गर्ने।<br>• स्थानीय भाषा र संस्कृतिको सम्बन्ध छोटकरीमा बताउने ।<br>• भ्रमण गराउने(किराँत युमा साम्मा माङ्हिम)। | • कुनै ३ वटा स्थानीय जातिका भाषाको विवरण लेख्नुहोस् ।<br>• प्रमुख ४ जातिको नाम भन्नोस ।<br>• स्थानीय जाति (राई)को खाना र भेषभूषाको उल्लेख गर्नुहोस्।<br>• स्थानीय भाषाको महत्व लेख्नुहोस् (कुनै २/३)<br>• नेपाली भाषामा अन्य भाषाबाट आएका शब्दहरुको सूची बताउनोस् ।<br>• स्थानीय रुपमा मनाउने ३ वटा सांकृतिक पर्व/संस्कृति बताउनोस् । |



अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ३) सरसफाइ र फोहोर व्यवस्थापन | • घर आगन र विद्यालयको सफाइ राख्ने उपाय बताउन<br>• कुहिने नकुहिने फोहोरको पहिचान व्यवस्थापन | • वातावरण सफा राख्ने उपाय<br>• कुहिने र नकुहिने फोहोर | • वातावरण सफा राख्ने उपायको बारेमा लेखिएका चाटेको बारेमा छलफल गर्ने/प्रश्नेत्तर विधिको प्रयोग<br>• कुहिने र नकुहिने फोहोरको बारेमा प्रश्नोत्तर विधिको प्रयोग गर्दै छलफल गर्ने ।<br>• वृत्त चित्रमा भिडियो क्लिप | • छोटो उत्तर दिने प्रश्न<br>• खाली ठाउँ गर्ने<br>• जोडा मिलाउने<br>• ठिक/बेठिक छुट्याउने<br>• छोटकिरामा बताउने/लेख्ने |
| ४. योग,व्यायाम र आहार<br>४.१ प्राणायाम | • भास्त्रिका प्राणायम गर्न | • भस्त्रिका प्राणायम | • शिक्षकले सुखासन, र ध्यान मुद्रा, ज्ञान मुद्राको परिचय दिदैं आँखा बन्द गरी लामो सास लिने र लामो समय लगाएर छोड्ने अभ्यासको जानकारी गराउँदै सबै विद्यार्थीलाई भास्त्रिका प्राणायमको अभ्यास गराउने । | • भस्त्रिका प्राणायम गरेर देखाउनोस् । |
| | • अनुलोम विलोम प्राणायाम | • अनुलोम विलोम प्राणायाम | • शिक्षकको अनुलोम विलोम प्राणायम गरेर देखाउने र विधि स्पष्ट गर्ने ।<br>• विद्यार्थीलाई सुखासनमा राखेर ज्ञानमुद्रा र ध्यान मुद्रामा राखी श्वास प्रश्वासको लय मिलाएर अनुलोम विलोम प्राणायमको अभ्यास गराउने । | • अनुलोम विलोम प्राणायम गरेर देखाउनुहोस् । |



अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | • कपालभाँती गर्न | • कपालभाँती प्राणायाम | • शिक्षकले पहिले कपालभाँती प्राणायमको विधि प्रयोगात्मक रुपमा देखाउदै प्रस्ट पारिदिने<br>• ध्यान मुद्रा ज्ञान मुद्रामा राखी ॐ अभ्यास गराउने<br>• नजर सिधा राखी आँखा बन्द गर्न लगाउने<br>• हासिलो मुद्रा बनाउँदै हावाको झोक्का बाहिर फाल्ने र भित्र तान्न लगाउने।<br>• शुरुमा विस्तारे गर्ने र अभ्यास भइसकेपछि छिटो छिटो गराउने । | • कपाभाँती प्राणायम गरेर देखाउनुहोस् । |
| | • योगको अर्थ बताउन | • योगको अर्थ | • योग भनेको के हो भन्ने प्रश्न समूहमा राख्ने र व्यक्तिगत उत्तर माग्ने र सेतोपाटीमा टिप्दै जाने र छलफल गराउने योग भनेको के हो रुस्वास्थ्य निरोगी र दीर्घ जीवन कसरी हुन्छ । भन्ने सम्बन्धमा सरल प्राकृतिक उपाय योग हो भन्ने कुरा जानकारी गराउने । योगको अर्थ लेखेको चार्ट प्रदर्शन गर्ने | • |



अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | • योगको महत्व वुदागत रुपमा प्रस्तुत गर्न | • योगको महत्व | • योगबाट के फाइदा हुन्छ प्रश्न सामुहिक सोध्ने र व्यक्तिगत उत्तर लिने, सेतोपाटीमा लेख्ने र छलफल गराउने ।<br>• योगको महत्व लेखिएको चार्ट टाँसी योगको महत्व जानकारी गराउने । | • योगको महत्व बुदागत रुपमा लेख्नुहोस। |
| ४.२ सन्तुलित आहार | • सन्तुलित आधारका तत्वहरु बताउन/लेख्न | • सन्तुलित आधारका तत्वहरु (प्रोटिन, खनिज, भिटामिन...........) | • सन्तुलित आहारका तत्वहरु के के हुन भन्ने प्रश्न सोधी सेतोपाटीमा टिप्ने र छलफल गराउने ।<br>• शिक्षकले सन्तुलित आधारका तत्वहरु कार्बोहाइड्रेट, प्रोटिन, भिटामिन, चिल्लो, खनिज पदार्थ, पानी.....हुन भनी पाटीमा लेखी प्रष्ट पारी दिने । | • सन्तुलित आहारका तत्वहरु के के हुन लेख्नुहोस् । |
| ५. नैतिक मूल्य मान्यता र सदाचार | • संस्कार युक्त नागरिक बन्न<br>• अपाङ्गता भएकालाई सम्मान र सहयोग गर्न | • सहयोग, सम्मान, सम्बोधन र असल व्यवहार प्रदर्शन<br>• सहयोगको आदान प्रदान<br>• विद्यालयको नियमको पालना धरायसी कामकाजमा सहयोग र सहकार्य<br>• अपाङ्गता भएकाहरुलाई सहयोग | • नाता सम्बन्ध अनुसारको सम्बोधन असल आचरण प्रदर्शन घर, समाज र विद्यालयमा स्थापित सामाजिक नियमको पालना गर्नका लागि तथा सरसहयोग गर्ने बानीको विकास गर्न अभ्यास गर्ने।<br>• कथाकथन, सान्दर्भिक दृष्टान्त , विद्यार्थीको व्यवहार अवलोकन र | • सिकारुमा अपेक्षित रुपमा मूल्य मान्यता तथा सामाजिक व्यवहार प्राप्त भए/नभएको सन्दर्भमा व्यवहार अवलोकन सहयागी मूल्याङ्गन पद्धतिलाई |


अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | | | आवश्यक पृष्ठपोषण प्रदान जस्ता कृयाकलाप संचालन गर्ने श ।<br>• अपाङ्गता भएकाहरु वा थप सहयोग चाँहिने अशक्त, वृद्धवृद्धाहरुलाई सहयोग गर्ने बानीको विकास गर्ने/गराउने ।<br>• विभिन्न सान्दर्भिक क्रियाकलापहरु गराउने वातावरण सिर्जना गर्न तर्फ शिक्षक सजग रहनु पर्दछ । | उपयोगमा ल्याउन सकिन्छ ।<br>• कक्षाकार्य तथा प्रश्नोत्तर बिधिबाट मूल्याङ्गन गर्न सकिन्छ । |
| ६. सडक सुरक्षा | • चित्रको पहिचान<br>• सडक पारगर्दा ध्यान दिनुपर्ने उपायहरु बताउन<br>• आकाशेपुल बारेमा बताउन | • सडक पार गर्दा ध्यान दिनुपर्ने सुरक्षात्मक उपायहरु<br>• आकाशे पूलको परिचय | • सडक पार गर्दा ध्यान दिनुपर्ने सुरक्षात्मक उपायहरुको बारेमा भिडियो प्रदर्शन गरी छलफल, प्रश्नोत्तर गराउने<br>• ट्राफिक कार्यालयबाट प्रकाशित सुरक्षा पोस्टर तथा वुलेटिनको अध्ययन छलफल गराउने<br>• स्थानीय रेडियो तथा एफ.एम. बाट प्रसारित सडक सुरक्षा संवधि कार्यक्रम सुत्र लगाउने<br>• आकाशे पुल प्रयोग गर्दा हुने फाइदाहरु छलफल गराउने | • अवलोकन/छलफल<br>• प्रश्नोत्तर/अन्तशरक्रिया<br>• छोटो प्रश्नहरु<br>• ठिक बेठिक प्रश्न<br>• आकाशे पुलको चित्र बनाउनोस |



अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ७.हाम्रो वातावरण<br>- जलवायु परिवर्तन<br>- विपद व्यवस्थापन | • जलवायु परिवर्तनका कारणहरु बताउन।<br>• विपद अवस्थाको पहिचान गर्न र विपद पूर्वतयारीका उपायहरु बताउने। | • जलवायु परिवर्तनका कारणहरु (कोइला र पेट्रोलको अधिक प्रयोग,वन विनास, औद्योगिक गतिविधिबाट निस्कने ग्याँसको उत्सर्जन,विकीरण)<br>• विपद पूर्वतयारीका उपायहरु(सचेतना,संकटकालीन पारिवारिक योजना,आपतकालीन झोला,भौतिक संरचनामा सुधार) | • जलवायु परिवर्तनका कारणहरुको चार्ट प्रस्तुति र छलफल गराउने।<br>• विपद अवस्थाका चित्रहरु र विपद पूर्वतयारीका उपायहरुको चार्ट प्रस्तुति र छलफल | • जलवायु परिवर्तनका कारणहरु लेख्नुहोस्।<br>• विपद पूर्वतयारीका उपायहरु लेख्नुहोस्।<br>• विपद् अवस्था भन्नाले के बुझिन्छ? |
| ८.स्थानीय पर्यटन | • स्थानीय पर्यटन स्थलका संरक्षणका कुनै ३ वटा उपायहरु र यसको व्यवसायिक उपयोगिता बताउन | • स्थानीय पर्यटन स्थलका संरक्षणका कुनै ३ वटा उपायहरु( वातावरणीय संरक्षण र फोहोर व्यवस्थापन,भौतिक पूर्वाधार र सम्पदाको मरमत संभार,जनचेतना र सहभागिता) | • स्थानीय पर्यटन स्थलका संरक्षणका कुनै ३ वटा उपायहरुको चार्ट प्रस्तुति र छलफल गराउने। | • स्थानीय पर्यटन स्थलका संरक्षणका कुनै ३ वटा उपायहरु लेख्नुहोस्। |
| ९. स्थानीय पेशा र व्यवसाय | • खाडल खन्ने र पुर्ने र बिरुवा सार्ने प्रकृया बताउन। | • खाडल खन्ने र पुर्ने र बिरुवा सार्ने प्रकृया(तोकिएको नापमा खाडल खन्ने,मल र कृषि | • छलफल,अवलोकन र प्रश्नोत्तर। | • खाडल खन्ने र पुर्ने र बिरुवा सार्ने प्रकृयाको बर्णन गर्नुहोस्। |



अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | | चूना मिलाउने,खाडल पुनः पुर्ने)<br>• बिरुवा सार्ने प्रकृयाको जानकारी। | | • बिरुवा सार्ने प्रकृया उल्लेख गर्नुहोस्। |

## कक्षागत सिकाइ उपलब्धी/सक्षमताहरु विस्तृतिकरण

कक्षाः ५

| विषय क्षेत्र | सिकाई उपलब्धि | विषयबस्तुको विस्तृतिकरण | शिक्षण सिकाई कृयाकलाप/विस्तृतिकरण | मूल्याकन प्रकृया |
|---|---|---|---|---|


अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| १. चौबिसेको भूगोल र इतिहास | • गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमी बताउन।<br>• चौबिसेको नक्सामा वडा छुट्याउन। अध्यक्ष तथा उपाध्यक्ष, वडाध्यक्ष नाम बताउन।<br>• वडा भित्र रहेका सेवा प्रदायक संस्थाहरु र तिनीहरुले दिने सेवा सुविधाहरु बारे बताउन। | • चौबिस थरीबाट चौबिसेको नाम रहेको ईतिहास र चौबिसे नामको पुरातन अस्तित्वको इतिहास।<br>• चौबिसेको नक्सामा वडाहरुको जानकारी साथै बर्तमान अध्यक्ष ,उपाध्यक्ष, र वडाध्यक्ष नाम<br>• वडा भित्रको सेवा प्रदायक संस्थाको नाम तथा तिनीहरुबाट प्राप्त सुविधा | • चौबिस थरीबाट चौबिसेको नाम रहेको र चौबिसे नामको पुरातन अस्तित्वको ईतिहास को वर्णन र छलफल गराउने।<br>• पालिका अध्यक्ष/उपाध्यक्ष/सदस्य/ वाड अध्यक्षहरुको नाम लेखिएको चार्ट प्रर्दशन गर्दै छलफल गर्ने<br>• वडा तथा अन्य संस्थाहरु र तिनीहरुबाट प्राप्त सेवा सुविधा एवं नागरिक वडापत्रका बारेमा प्रश्नोत्तर विधिबाट समूह छलफल गराउने<br>• सेवा प्रदायक संस्थाहरुको बारेमा जानकारी गराउने | • चौबिसेको नाम कसरी रहेको मानिन्छ?<br>• चौबिसे नामको पुरातन अस्तित्वको कुनै ३ वटा ऐतिहासिक तथ्यहरु लेख्नुहोस्।<br>• गाउँपालिका अध्यक्ष/उपाध्यक्षको नाम बताउनोस<br>• खाली ठाउँ भर्नुहोस<br>• वडा कार्यालयबाट प्रदान गरिने कुनै २ कार्यहरु के के हुन् ? |
| २ स्थानीय जाति, धर्म ,भाषा र संस्कृति | • चौबिसे गाउँपालिकामा बोलिने प्रमुख स्थानीय भाषा बोल्नेहरुको | • चौबिसे गाउँपालिकामा बोलिने स्थानीय भाषाहरुको संख्यात्मक विवरण<br>• नेपाली भाषाको विकासमा स्थानीय भाषाको योगदान | • स्तम्भ चित्र वा वृत्त चित्रद्वारा संख्यात्मक विवरण प्रस्तुत गर्ने | • चौबिसे गाउँपालिकामा बोलिने प्रमुख स्थानीय भाषाहरुको नाम लेखी छोटकिरामा बयान गर्नोस । |



अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | संख्यात्मक बिबरण लेख्न<br>• नेपाली भाषाको विकासमा स्थानीय भाषाको योगदान बताउन<br>• स्थानीय संस्कृति लिम्बू जातिको मुन्धुम,फेदाङ्मा,साम्बा र एवा,पालम,च्याब्रुङ र धान नाच,सुनौली रुपौली,भेषभुषामा मेखली,काँधबारी,यायापुङ) ,तानबुन्ने,चुम्लुङ,चाम्याङ्वा) मगर जातिका चाडपर्वहरु माघेसंक्रान्ति,चण्डी पूर्णिमा,कोजाग्रत पूर्णिमा संरक्षणमा स्थानीय भाषाले खेलेको भूमिका लेख्न<br>• स्थानीय चाडपर्वहरु (चासोक तङ्नाम,कक्फेवा | • स्थानीय संस्कृतिको संरक्षामा स्थानीय भाषाले खेलेको भूमिका ।<br>• स्थानीय लिम्बू र मगर जातिको चाडपर्वहरुको वर्णन ।<br>• स्थानीय लिम्बू र मगर जातिको सँस्कृतिहरुको वर्णन । | • स्थानीय भाषाले पुर्याएको योगदान विभिन्न लेखद्वारा प्रष्ट पार्ने ।<br>• नेपाली भाषामा स्थानीय भाषाबाट आएका शब्दहरुको सूची बनाउने<br>• स्थानीय संस्कृति (लिम्बू र मगर जाति)को चर्चा साथै योगदानको प्रकाश पार्ने।<br>• स्थानीय चाडपर्वहरुको अवलोकन गराउने।<br>• भ्रमण गराउने (मुढेबास मगर संग्रहालय र मौनाबुधुकको जनजाति संग्रहालय) | • नेपाली भाषामा स्थनीय भाषाले पुर्याएको २ वटा योगदान लेख्नोस् ।<br>• राष्ट्रिय सँस्कृतिले पुर्याएका २ वटा योगदाननहरु लेख्नुहोस् ।<br>• स्थानीय चाडपर्व (लिम्बू र मगर जातिको)हरुको वर्णन गर्नुहहोस्।<br>• यी शब्दहरुले के जनाउँछन्?<br>मुन्धुम,फेदाङ्मा,साम्बा र एवा,पालम,च्याब्रुङ र धान नाच,सुनौली रुपौली, मेखली,काँधबारी,यायापुङ) ,तान बुन्ने,चुम्लुङ,चाम्याङ्वा) माघेसंक्रान्ति,चण्डी पूर्णिमा,कोजाग्रत पूर्णिमा<br>• परियोजना कार्य। |



अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | तङ्नाम,सिसेक्पा तङ्नाम, को वर्णन गर्न।<br>• धार्मिक सहिष्णुताको बारेमा बताउन र अवलम्बन गर्न। | | | |
| ३ .सरसफाइ र फोहोर व्यवस्थापन | • प्रदुषणको परिचय<br>• प्रदुषणको प्रमुख स्रोतहरु बताउन<br>• फोहोर व्यवस्थापनका फाइदा बारेमा बताउन | • जल प्रदुषण जस्तै नदी, र पोखरी आदिको परिचय।<br>• जल प्रदुषणको श्रोत ,ढलनल, उधोगधन्दा, ,लुगाधुने, मानिस गाइ वस्तु नुहाउने, सांस्कृतिक परम्परा ।<br>• जमिन प्रदुषणको स्रोतहरु, जथाभावी फोहोर विसर्जन, दिशा पिसाव,, कीटनाशक विषादी,, औधोगिक रसायन, र रासायिनक पदार्थ( केमिकल)को प्रयोग, प्लाष्टिकको प्रयोग,, बढदो शहरीकरण<br>• वायुप्रदुषणको परिचय, वायु प्रदुषणका स्रोतहरु जस्तैः उद्योग धन्दा, ,यातायातका साधन,, फोहोर जलाउने कार्य,, मृत जीवजन्तुको विसर्जन, ।<br>• किटनाशक औषधी, को असर।<br>• खुला ढल,, डढेलो, आदि ।<br>• ध्वनि प्रदुषणको परिचय, ध्वनि प्रदुषणका स्रोतहरु जस्तैः कलकारखाना, यातायातका | • स्थालगत भ्रमण मार्फत प्रदुषणका स्रोतहरुको अवलोकन गराउने<br>• चित्र, पोष्टर प्रदर्शन गरी पर्दुषणका प्रकारका बारेमा छलफल, प्रश्नोत्तर | • छोटो उत्तर दिनोस<br>• छोटकरीमा लेख्नुहोस।<br>• क्रियाकलाप<br>• परियोजना कार्य |


अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | | साधन, माइकिङ्ग, महोत्सव आदिबाट आउने आवाज, ,मानव भीड आदि। | | |
| ४. योग ,व्यायाम र आहार<br>४.१. योग र व्यायाम | • भ्रामरी प्राणायम गर्न | • भ्रामरी प्राणायमको विधि र फाइदा | • शिक्षकले विद्यार्थीलाई सामूहिक रुपमा लगेर कुनै आसनमा बसाउने,<br>• दुवै वुढी औंलाले दुवै कान बन्द गराउने<br>• चोरी औलाले दुवै आँखा बन्द गर्ने ।<br>• ढाड सिधा पारेर शिर सिधा राख्न लगाउने ।<br>• लामो श्वास लिएर रोक्ने र विस्तारै नाकबाट श्वास छाड्दै भमरा भुनभुनाए जस्तो आवाज निकाल्न लगाएर मस्तिष्क मा तरंग पैदा गर्न लगाउने।<br>• पटक पटक अभ्यास गराई अभ्यस्त बनाउने | • भ्रामरी प्राणायम कसरी गरिन्छ ?गरेर देखाउनुहोस्। |
| | • भ्रामरी प्राणायमका फाइदाहरु बताउन | • भ्रामरी प्राणायमका फाइदाहरु | • शिक्षकले भ्रामरी प्राणायमका फाइदाहरु लेखिएको चार्ट प्रस्तुत गरी विद्यार्थीलाई वाचन गर्न | • भ्रमरी प्राणायमका ४ वटा फाइदाहरु लेख्नुहोस । |



अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | | | लगाई फाइदाहरु भन्न सक्ने बनाउने । | |
| | • योग गर्नु पूर्व ध्यान दिनु पर्ने कुराहरु बताउन | • सावधानीहरु | • शिक्षकले बोल्दै योग गर्दा ध्यान दिनु पर्ने कुराहरु पाटीमा टिपोट गर्ने<br>• टिपोट गरिएका कुराहरु वाचन गर्न लगाउने ।<br>• शिक्षकले योग गर्दा ध्यान दिनुपर्ने कुराहरु स्पष्ट पारिदिने | • योग गर्दा के के कुरामा ध्यान दिनुपर्दछ ? |
| ४.२ सन्तुलित आहार | • सन्तुलित भोजनका तत्वहरुको स्रोत बताउन | • कार्वोहाइट्रेडटको स्रोत<br>• प्रोटिनको स्रोत<br>• भिटामिनको स्रोत<br>• खनिज पदार्थको स्रोत<br>• चिल्लो पदार्थको स्रोत | • शिक्षकले सन्तुलित भोजनका स्रोतहरुको सूची सेतोपाटीमा टाँस्ने।<br>• प्रत्येक तत्व कुन खानेकुराबाट प्राप्त हुन्छ छलफल गराउने।<br>• छलफलबाट आएका बुँदाहरु टिपोट गर्ने।<br>• शिक्षकले सन्तुलित भोजनका पौष्टिक तत्वहरुको स्रोत प्रष्ट पारिदिने। | • कार्वोहाइट्रेडट,प्रोटिन,भिटामिन<br>• खनिज पदार्थ र<br>• चिल्लो पदार्थका ३/३ वटा स्रोतहरु उल्लेख गर्नुहोस्। |



अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ५.नैतिक मूल्य मान्यता र सदाचार | • स्थानीय असल संस्कार सभ्यता र मूल्य मान्यता संग परिचित हुन ।<br>• समाजबाट स्वीकृत नीति नियम, आचरणको पालना गर्न | • स्थानीय रुपमा प्रचलित असल संस्कार, आचरण, मूल्य मान्यता र सम्यताको पहिचान र ग्रहण गर्न<br>• अग्रजको सम्मान गर्न र सानालाई माया गर्न<br>• सत्य बोल्ने बानीको विकास गर्न<br>• अपाङ्गता भएकाहरुसँग सहकार्य गर्न समाज स्वीकृत व्यवहार ग्रहण गर्न<br>• विद्यालय घर तथा समाजका स्थापित नियम पालना गर्न<br>• सकारात्मक सोचको विकास गर्न | • स्थानीय संस्कार, असल आचारण, नैतिक मूल्य मान्यता सम्बन्धी विषय वस्तुको प्रस्तुती, अभ्यासात्मक क्रियाकलाप, परियोजना कार्य, व्यवहार, अवलोकन आदि सान्दर्भिक सिकाइ सहजीकरण क्रियाकलापको प्रयोग ।<br>• समाज स्वीकृत व्यवहार तथा समाजका स्थापित नीति नियम सम्बन्धी जानकारीका लागि अनुभव आदान-प्रदान, विषय वस्तुको प्रस्तुती<br>• अन्य सान्दर्भिक सिकाइ सहजीकरण क्रियाकलापहरुको प्रयोग । | • व्यवहार अवलोकन,<br>• --स्वमूल्याङ्कन,<br>• सहपाठी -मूल्याङ्कन,<br>• परियोजना कार्य अभिभावकसँग अन्तरक्रिया आदिबाट मूल्य मान्यता र सकारात्मक व्यवहार सम्बन्धी मूल्याङ्कन गर्ने । |
| ६) सडक सुरक्षा | • ट्राफिक चिन्ह र तिनीहरुको संकेतको अर्थ | • ट्राफिक चिन्हको पोस्टर<br>• छलफल, प्रश्नोत्तर<br>• भिडियो/चित्र | • ट्राफिक चिन्ह लेखिएको चार्ट प्रस्तुत छलफल प्रश्नोत्तर | • अवलोकन<br>• छलफल<br>• प्रश्नोत्तर<br>• जोडा मिलाउने |



अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | • उकालो,, ओरालो, साँधुरो बाटो<br>• No Parking, U turn, Turn Left/Right आदि। | | • सडकका विभिन्न ठाउँमा राखिएको संकेतहरुको प्रत्यक्ष अवलोकन गराउने र तिनीहरुको अर्थ बुझाउने | • छोटो उत्तर आउने<br>• कृयायाकलाप<br>• परियोजना |
| ७.हाम्रो वातावरण -जलवायु परिवर्तन -विपद व्यवस्थापन | • जलवायु परिवर्तनका संकटहरुबाट बच्न सकिने उपायहरु लेख्न र सो कार्यमा अग्रसर हुन।<br>• वातावरण संरक्षणको परिचय दिन<br>• बिपद- व्यवस्थापनको चक्र र चरण उल्लेख गर्न। | • जलवायु परिवर्तनका संकटहरुबाट बच्न सकिने उपायहरु(नविकरणीय उर्जाको प्रयोग,वनविनाश नियन्त्रण र वृक्षारोपण,दीगो यातायात प्रणाली,फोहोरमैलाको व्यवस्थापन,कृषि प्रणालीमा सुधार,जनचेतना र नीतिगत सुधार)<br>• वातावरण संरक्षण<br>• बिपद- व्यवस्थापनको चक्र(विपद पूर्व र विपद पश्चातको चरण)<br>• बिपद- व्यवस्थापनको चक्रका चार स्तम्भहरु(न्युनीकरण,पूर्वतयारी,प्रतिकार्य,पुनर्लाभ) | • जलवायु परिवर्तनका संकटहरुबाट बच्न सकिने उपायहरुको चार्ट।<br>• वातावरण संरक्षणको जानकारी दिने।<br>• बिपद- व्यवस्थापनको चक्र र चार स्तम्भको चार्ट | • जलवायु परिवर्तनका संकटहरुबाट बच्न सकिने उपायहरु लेख्नुहोस्।<br>• वातावरण संरक्षण भनेको के हो?<br>• बिपद- व्यवस्थापनको चक्र तयार गर्नुहोस्।<br>• बिपद- व्यवस्थापनको चक्रका चार स्तम्भहरु लेख्नुहोस्। |
| ८.स्थानीय पर्यटन | • भ्रमण र पर्यटनको परिभाषा बताउन।<br>• चौबिसे गाउँपालिकाका पैदल भ्रमणका मार्गहरुको सूची बनाउन। उक्त | • भ्रमण र पर्यटनको परिभाषा<br>• चौबिसे गाउँपालिकाका पैदल भ्रमणका मार्गहरुको सूची।<br>• पर्यटकीय स्थलहरुको विकासका लागि आवश्यक पर्ने पूर्वाधारहरु। | • भ्रमण र पर्यटनको परिभाषा बताउने।<br>• चौबिसे गाउँपालिकाका पैदल भ्रमणका मार्गहरुको सूची प्रदर्शन गर्ने र नजिकैको पदमार्गमा छोटो भ्रमण गराउने। | • भ्रमण र पर्यटनको परिभाषा भन।<br>• चौबिसे गाउँपालिकाका पैदल भ्रमणका मार्गहरुको सूची तयार गर।<br>• चौबिसे गाउँपालिकाका पर्यटकीय स्थलहरुको |



अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | पर्यटकीय स्थलहरुको विकासका लागि आवश्यक पर्ने पूर्वाधारहरु उल्लेख गर्न। | | • भ्रंणका समयमा पर्यटकीय स्थलहरुको विकासका लागि आवश्यक पर्ने पूर्वाधारहरु महशुश गर्न लगाई बताइदिने। | विकासका लागि आवश्यक पर्ने पूर्वाधारहर के के हुन् लेख्नुहोस्। |
| **९.स्थानीय पेशा ,व्यवसाय र प्रविधि (सुन्तला खेती)** | • वेसिन बनाउने,सकर हटाउने र टपवर्किङ,<br>• ग्राफ्टिङ,मल्चिङ र काँटछाँट सम्बन्धी उल्लेख गर्न। | • वेसिन बनाउने,सकर हटाउने र टपवर्किङ प्रकृयाहरु।<br>• ग्राफ्टिङ,मल्चिङ र काँटछाँट सम्बन्धी प्रकृयाहरु। | • वेसिन बनाउने,सकर हटाउने र टपवर्किङ प्रकृयाहरु बताउने र नजिकैको (आफ्नै)सुन्तलाबारीमा लगेर प्रदर्शन गर्ने।<br>• ग्राफ्टिङ,मल्चिङ र काँटछाँट सम्बन्धी प्रकृयाहरुबारेमा बताउने र नजिकैको (आफ्नै)सुन्तलाबारीमा लगेर प्रदर्शन गर्ने। | • वेसिन बनाउने,सकर हटाउने र टपवर्किङ प्रकृयाहरु के कसरी गरिन्छ,लेख्नुहोस्।<br>• ग्राफ्टिङ,मल्चिङ र काँटछाँट सम्बन्धी प्रकृयाहरुबारेमा बताउनुहोस्।<br>• अवलोकन<br>• प्रश्नोत्तर |



अध्यक्ष

## शिक्षण सिकाइ विधि,सिकाई सहजीकरण प्रकृया तथा मूल्याङ्कन,

कक्षा १-५ को यस स्थानीय पाठ्यक्रम समग्रमा स्थानीय विषयक्षेत्रमा आधारित एकीकृत स्वरूपको भएकाले यसको सिकाइ सहजीकरण प्रक्रिया परम्परागत पद्धतिभन्दा फरक हुनुपर्छ । फेरि यस स्थानीय पाठ्यक्रममा चौबिसे गाउँपालिकाको परिचय, स्थानीय भाषा सँस्कृति,योग तथा आहार,नैतिक मूल्य र मान्यताहरु, सडक सुरक्षा, बातावरण ,सरसफाई र फोहोर व्यवस्थापन र तरकारी खेती, जस्ता थिमहरु एकीकृत गरिएको हुनाले पनि प्रचलित सिकाइ सहजीकरण विधि तथा प्रक्रियामा सुधार आवश्यक छ । विभिन्न विषयगत थिमहरूको माध्यमबाट अपेक्षित सिकाइ उपलब्धि प्राप्तिका लागि फरक फरक थिमहरू बिचको अन्तरसम्बन्ध पहिचान गरी सिर्जनशीलता विकास गर्ने, सिकाइलाई व्यवहारमा प्रयोग गर्ने क्षमतको विकास गर्ने र आफ्ना सिकाइ अनुभवको उपयोग गरी सङ्गठित ज्ञान हासिल गर्न सहयोग हुने खालका सिकाइ क्रियाकलापमा जोड दिनुपर्छ । यसका लागि सञ्चालन गरिने सिकाइ सहजीकरण प्रक्रियामा विद्यार्थी सक्रिय भई सिकाइ कार्यमा सरिक हुने र वातावरणीय परिवेशसँग अन्तरक्रिया गरेर सिक्न प्रोत्साहन गर्ने क्रियाकलापलाई प्राथमिकता दिनुपर्दछ । विद्यार्थीहरूले कुनै सिकाइ क्रियाकलाप पूरा गरेपछि देखाउन वा अनुभव गर्न सकिने उपलब्धि प्राप्त हुने गरी सिकाइ प्रक्रिया तथा क्रियाकलापहरू सञ्चालन गर्नुपर्दछ ।

सिकाइका क्रममा विद्यार्थीहरूको सिकाइ सक्रियतालाई विशेष ध्यान दिँदै सैद्धान्तिक ज्ञान तथा सीपलाई व्यावहारिक जीवनसँग आबद्ध गर्नुपर्छ । सिकाइलाई बृहत् विषयवस्तुमा केन्द्रित गराउने उद्देश्यले विभिन्न क्षेत्रका सिकाइ सक्षमतालाई सरलबाट जटिलतिरको क्रममा सिकारुले स्वगतिमा सिक्न पाउने अवसर सिर्जना गरी सिकाइ व्यवस्थापन गर्नुपर्छ । विशिष्टीकृत विषयक्षेत्रहरूलाई पनि यथासम्भव अन्तरसम्बन्धित हुने गरी सिकारुको पूर्वज्ञान तथा अनुभवसँग समेत सहसम्बन्ध स्थापित गरी सिकाइ प्रक्रिया सञ्चालन गर्नुपर्छ ।

प्रारम्भिक कक्षाहरूमा विद्यार्थीकेन्द्रित शिक्षण सिकाइ क्रियाकलापमा जोड दिई कक्षालाई जीवन्त बनाउन र विद्यार्थीलाई क्रियाशील बनाउन शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्ने छ । विद्यार्थी केन्द्रित सिकाइ क्रियाकलापबाट सिकाइ प्रभावकारी हुने,, विषयवस्तुलाई अन्तरसम्बन्धित गर्न सहज हुने, बालबालिकाहरूले व्यवहारकुशल तथा जीवनोपयोगी सीप आर्जन गर्न सक्ने र उनीहरूमा रहेको प्रतिभा प्रष्फुटन सहज हुने भएकाले सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थीकेन्द्रित र बालमैत्री शिक्षण विधि अपनाउनुपर्ने छ ।



अध्यक्ष

## सिकाई सहजीकरण प्रक्रिया

कक्षा १-५ सम्मको सिकाइ सहजीकरण प्रक्रिया देहायबमोजिम सञ्चालन गर्दा उपयुक्त हुन्छः

- बालबालिकाको व्यक्तिगत भिन्नता र क्षमताका आधारमा स्वतन्त्र रूपले सिक्ने मौका प्रदान गर्ने किसिमले कक्षा सञ्चालन गर्नुपर्ने छ । विविधतालाई ध्यानमा राखेर बालबालिकाको सिकाइलाई प्रोत्साहन गर्नुपर्ने छ । खेल, गीत, कविता, कथाकथन, प्रदर्शन, श्रव्यदृश्य सामग्रीको प्रदर्शन मार्फत सिकाइका क्रियाकलापहरू सञ्चालन गरिनुपर्ने छ । यसका अतिरिक्त अवलोकन,, समूहकार्य,, परियोजना कार्य, छलफल जस्ता विधिहरूका माध्यमबाट बालबालिकाको सर्वाङ्गीण विकासमा जोड दिनुपर्ने छ ।

- सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्दा विद्यार्थीकेन्द्रित र बालमैत्री शिक्षण विधि अपनाई निरन्तर सिकाइमा जोड दिनुपर्ने छ ।

- विद्यार्थीको सिकाइलाई केन्द्रबिन्दु मानी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ । विद्यार्थीको सहभागितामा योजना निर्माण, परियोजना कार्य, क्षेत्र भ्रमण, समस्या समाधान, खोजमूलक अध्ययन, प्रवर्तनमुखी शिक्षण पद्धतिलाई सिकाइ सहजीकरण विधिका रूपमा कार्यान्वयन गर्नुपर्ने छ ।

- सिकाइ प्रक्रिया सैद्धान्तिक पक्षमा भन्दा बढी "गरेर सिक्ने" अवसर प्रदान गर्ने क्रियाकलापमा आधारित हुनुपर्ने छ ।

- शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिका निर्वाह गर्नुपर्ने छ ।

- पठनपाठनमा सूचना तथा सञ्चार प्रविधिलाई उपलब्ध साधन, स्रोत र आवश्यकताअनुसार उपयोग गर्नुपर्ने छ ।

- सबै प्रकारका सिकाइ आवश्यकता र चाहना भएका ( अपांगता, अशक्त, असहाय, कमजोर आदि) विद्यार्थीलाई समेट्ने गरी कक्षामा समावेशी सिकाइ सहजीकरण प्रक्रिया अपनाउनुपर्ने छ ।

- भाषिक कठिनाइका कारण सिकाइमा बाधा नहुने सुनिश्चित गर्न यथासम्भव बालबालिकाको मातृभाषा, घरमा बोल्ने भाषामा सञ्चार गरी सिकाइ क्रियाकलापमा सक्रिय सहभागी हुन सक्ने वातावरण तयार गर्नुपर्ने छ ।

- सिकाइ क्रियाकलापमा शिक्षक र सिकारु तथा सिकारु र सिकारु बिचको अन्तरक्रिया, समूह सिकाइ, सिकाइका लागि मूल्याङ्कन, शिक्षक शिक्षक सहकार्य, शिक्षक - समुदाय सहकार्य जस्ता सहकार्यलाई बढावा दिनुपर्ने छ ।



अध्यक्ष

 सिकाइ र दैनिक जीवनसँग विषयवस्तुको तालमेल, पूर्वअनुभवमा आधारित ज्ञान तथा सीप विकास र सिकाइबिचको सहसम्बन्ध हुने गरी जीवन्त अनुभवसँगको तादात्म्य कायम गर्नुपर्ने छ ।

 बालकेन्द्रित, सिकाइ केन्द्रित, अनुभव केन्द्रित, उद्देश्यमूलक र विविधतामा आधारित सिकाइ सहजीकरण विधिको प्रयोग (परियोजना कार्य, घटना अध्ययन, खोज अनुसन्धानमा आधारित शिक्षण, सहपाठी सिकाइ आदि) गरी सक्रिय सिकाइ सहजीकरण विधि प्रयोग गर्नुपर्ने छ ।

 सिकाइ सहजीकरण क्रियाकलापमा सिकारुको सिकाइ अनुगमन, विद्यालय तथा परिवारमा सहज सिकाइ वातावरण विकास, पूर्वज्ञानमा आधारित विषयवस्तुको छनोट, समुदाय परिचालन जस्ता कार्यबाट विद्यालय समुदाय सहसम्बन्ध जोड्नुपर्ने छ ।

 सिकारुको रुचि र सिकाइ गति एवम् सिकारुको सक्रिय सहभागितामा सिकाइ क्रियाकलाप चयन र कार्यान्वयन गर्दै स्वस्फूर्त सिकाइमा जोड दिनुपर्छ ।

 शिक्षक, विद्यालय तथा विद्यार्थीलाई सिकाइ सहजीकरण क्रियाकलाप चयन, सञ्चालन र मूल्याङ्कनमा आवश्यक सहयोग, निरन्तर पेशागत छलफल, सहकार्य र अनुभव आदान प्रदान गर्दै शैक्षिक परिवर्तनका लागि सहयोगमा प्राथमिकता दिनुपर्ने छ ।

 सिकाइलाई दैनिक जीवन पद्धतिसँग आबद्ध गर्दै व्यवहारकुशल सीप हासिल गर्ने सिकाइको खण्डीकरण हुन नदिई एक विषयक्षेत्रको सिकाइले अर्को विषयक्षेत्रको सिकाइलाई सहयोग गर्ने गरी अन्तरसम्बन्धित गरी एकीकृत सिकाइमा जोड दिनुपर्ने छ ।

 स्थानीय पाठ्यक्रमले सिकाइका लागि सरलबाट जटिलतिरको स्पष्ट मार्ग निर्धारण गर्छ । सरल विषयक्षेत्रबाट क्रमशः जटिल विषयक्षेत्रमा प्रवेश गर्दै जान मार्ग प्रशस्त गर्ने र सिकाइ सहजीकरण पनि विद्यार्थीको सिकाइ गति बमोजिम गर्न स्वगतिमा हुने सिकाइमा जोड दिनुपर्ने छ ।

विषयक्षेत्रको प्रकृति र स्वरूपका आधारमा शिक्षण विधि तथा प्रविधि तथा कक्षा क्रियाकलापमा विविधता कायम गरिनु आवश्यक छ । शिक्षण सिकाइ प्रक्रियालाई वैज्ञानिक, व्यावहारिक र सिकारुअनुकूल बनाउनका लागि विविध शिक्षण विधि र प्रविधिको उपयोग, स्थानीय साधन र स्रोत तथा उपलब्ध उपकरण एवम् आवश्यकताका आधारमा स्थानीय परिवेश अनुसार भिन्न भिन्न ढंगले व्यवस्थापन गर्न सकिन्छ । सिकाइ प्रक्रियामा एकातिर आधुनिक शैक्षणिक प्रविधिको प्रयोग अत्यावश्यक हुन्छ भने अर्कातर्फ विद्यार्थीअनुकूलको शिक्षण प्रक्रिया सञ्चालन गर्न स्थानीय परिवेश अनुकूलका विधि तथा प्रविधिको प्रयोग पनि आवश्यक हुन्छ । त्यस्तै स्थानीय वातावरण, विद्यार्थीको रुचि, क्षमता, स्तर र आवश्यकताले पनि सिकाइ सहजीकरण प्रक्रियालाई प्रभाव पार्ने गर्दछ ।

शिक्षण सिकाइमा विभिन्न विधिहरूको प्रयोग अपेक्षित उपलब्धि प्राप्त गर्नका लागि गरिन्छ तर यस्ता विधिहरू विभिन्न पद्धति र प्रक्रियामा आधारित हुनुपर्छ र विभिन्न किसिमका अध्ययन, प्रयोग



अध्यक्ष

र अनुभवबाट सिद्ध भएका पनि हुनुपर्छ । यस प्रकार शिक्षण सिकाइ कुनै खास वैज्ञानिक, मनोवैज्ञानिक वा शैक्षणिक सिद्धान्तहरूमा आधारित भए पनि ती विधि तथा प्रक्रियालाई व्यावहारिक र सान्दर्भिक शैक्षणिक प्रक्रियामा ढाल्नुपर्छ ।

## शिक्षण विधिको छनोट

यस स्थानीय पाठ्यक्रम कक्षाकोठामा सहजीकरण गर्दा प्रयोग हुने शिक्षण विधि तथा प्रविधि चयन गर्दा ध्यान दिनुपर्ने केही महत्वपूर्ण पक्षहरू यहाँ उल्लेख गरिएका छन्ः

 सक्षमता तथा सिकाइ उपलब्धिहरूः पाठ्यक्रममा उल्लिखित लक्ष्य तथा उद्देश्यहरूअनुसारका सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने शिक्षण विधि छनोट गर्नुपर्छ ।

 विषयवस्तुको स्वरूपः विषयवस्तुको स्वरूप अनुसार शिक्षण सिकाइका रणनीति, विधि तथा प्रक्रिया छनोट गर्नुपर्दछ ।

 बालमनोविज्ञानः सिकारुको इच्छा, रुचि, क्षमता तथा योग्यता, प्रवृत्ति, पूर्वज्ञान आदिलाई ध्यान दिई शिक्षण विधि छनोट गर्नुपर्दछ । त्यस्ता विधिले विद्यार्थीलाई उत्प्रेरित गर्न सक्नुपर्छ ।

 स्रोत साधनहरूको उपलब्धताः शिक्षण विधि तथा रणनीति आर्थिक, मानवीय, भौतिक आदि दृष्टिले उपयुक्त र स्थानीय स्रोत साधनको अधिकतम प्रयोग हुन सक्ने हुनुपर्छ ।

 विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थितिः शिक्षण विधि तथा रणनीति छनोट गर्दा विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थितिसँग मेल खाने हुनुपर्दछ ।

 समय र विद्यार्थी सङ्ख्याः उपलब्ध समय र विद्यार्थी सङ्ख्याले पनि शिक्षण विधि तथा रणनीति छनोटमा प्रभाव पार्दछ ।

 शिक्षकको योग्यता, क्षमता र रुचिः शिक्षकको आफ्नो योग्यता, क्षमता, पूर्वज्ञान, आत्मविश्वास, तालिम, शिक्षणप्रतिको लगाव जस्ता पक्षले पनि शिक्षण विधि तथा रणनीतिको छनोटमा प्रभाव पार्दछ ।

यसरी कुनै पनि विषयको शिक्षण गर्दा विषयको गहनताका साथै विषयवस्तुको प्रकृति, विद्यार्थीको पूर्वज्ञान, क्षमता, रुचि, स्वभाव, स्तर तथा उमेर एवम् उपलब्ध भौतिक सुविधा र शिक्षण सामग्रीका आधारमा शिक्षण विधिको छनोट गर्नु आवश्यक हुन्छ ।



अध्यक्ष

## सिकाई क्रियाकलाप

क्रियाकलापमुखी सिकाइमा जोड दिई कक्षा १-५ मा सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालनका लागि प्रयोग गर्न सकिने केही विधि र प्रक्रिया उदाहरणका रूपमा प्रस्तुत गरिएको छ । शिक्षकले यी र यस्तै अन्य क्रियाकलापमुखी र विद्यार्थीकेन्द्रित सिकाइ विधि तथा प्रक्रिया छनोट गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न सक्दछन् ।

१. कथाकथन एवम् गीतः यस विधिमा विषयवस्तुलाई कथाको रूपमा प्रस्तुति तथा अवधारणालाई गीतका माध्यमबाट प्रस्तुत गर्न सकिन्छ ।

२. आगमन विधिः यसमा सूचनाहरूको सङ्कलन, अवलोकन, विश्लेषण, अनुमान, पुष्टी तथा निष्कर्षको प्रक्रिया प्रयोग गरिन्छ ।

३. भूमिका निर्वाह/अभिनय विधिः यसमा सन्दर्भ र भूमिकाको बारेमा छलफल तथा निर्धारण, भूमिका बहन, छलफल र निष्कर्ष निकाल्ने कार्य गरिन्छ ।

४. निर्माणात्मक विधिः यस विधिमा मष्तिस्क मन्थन, पाठसम्बन्धी पूर्वज्ञानको पहिचान, अन्तरक्रियात्मक कार्य (जस्तैः वैयक्तिक चिन्तन, समूह कार्य, परियोजना कार्य, प्रश्नोत्तर), आवश्यकता अनुसार टेवा प्रदान र विचार आदान प्रदान गरी निष्कर्ष निकालिन्छ ।

५. सहयोगात्मक विधिः यसमा सामान्यतया समूह विभाजन, समस्या र विषयवस्तु प्रस्तुति, समूहमा छलफल र निष्कर्ष वा समाधान निकालिन्छ ।

६. परियोजना कार्यः विद्यार्थीको उमेर र स्तर अनुसारका विभिन्न परियोजना कार्य दिई विद्यार्थीले आफैँ खोज्ने तथा गरेर सिक्ने अवस्था सिर्जना गर्न सकिन्छ ।

७. छलफल र प्रश्नोत्तर विधिः यसमा शिक्षक विद्यार्थी, विद्यार्थी शिक्षक, विद्यार्थी विद्यार्थी बिचमा प्रश्न र उत्तर गर्न सकिन्छ । प्रश्नहरूले स्मरणको प्रत्याह्वान भन्दा पनि विद्यार्थीलाई सोच्न, कारण खोज्न, सिर्जनात्मक तथा रचनात्मक सोचाइलाई प्रोत्साहन गर्न सक्नुपर्छ । त्यसै गरी प्रश्नोत्तर र छलफलमा कक्षामा सबैका अगाडि प्रश्न सोध्ने, एकछिन पर्खने, कुनै पनि विद्यार्थीलाई तोकेर उत्तर दिन लगाउने, उत्तर राम्रोसँग सुन्ने र अन्तमा छलफल र मूल्याङ्कन गर्ने प्रक्रिया ( **APPLE Method**) प्रयोग गर्न सकिन्छ ।

८. अन्वेषण, अनुसन्धान तथा खोज विधिः यसमा समस्या वा प्रश्नको प्रस्तुति, गर्नुपर्ने र खोज कार्य र तरिकाको बारेमा छलफल गरी विद्यार्थीहरूद्वारा खोज गरी निष्कर्ष प्रस्तुति र पृष्ठपोषण दिइन्छ ।

९. प्रविधियुक्त कक्षाः मोबाइल, कम्प्युटर, प्रोजेक्टर आदिको उपयोग गरी धारणाहरूको दृश्याङ्कन गर्न सकिन्छ।



अध्यक्ष

१०. सिर्जनात्मक कार्यः यसमा चित्र निर्माण, रङ भर्ने, कागज काट्ने र पट्याउने, सम्बन्ध स्थापना जस्ता कार्यहरूद्वारा सिकाइ गर्न सकिन्छ ।

११. समस्या समाधान विधिः यस विधिमा समस्यालाई बुझ्ने, योजना निर्माण, योजना कार्यान्वयन, पछाडि फर्केर हेर्ने र परिणामलाई जाँच्ने प्रक्रियाद्वारा समस्या समाधान गरिन्छ ।

१२. खेल विधिः यसमा विषयवस्तुलाई खेलका माध्यमबाट प्रस्तुत गरी अभ्यास गराईन्छ ।

१३. प्रयोगात्मक विधिः यसमा कक्षाकोठा भित्र र बाहिर प्रयोगात्मक कार्यका माध्यमबाट सिकाइ कार्य गराईन्छ।

१४. भ्रमणः विभिन्न स्थानको भ्रमण गराई त्यहाँको अनुभव र सिकेको कुरा छलफल तथा प्रत्यावर्तन गराईन्छ।

१५. प्रदर्शन विधिः विषयवस्तुसँग सम्बन्धित तस्बिर वा अन्य दृश्य सामग्री तथा श्रव्यदृश्य सामग्री प्रदर्शन गरिन्छ ।

१६. स्वाध्ययन तथा छलफलः विभिन्न किसिमका सामग्रीका अध्ययनको माध्यमबाट सिकाइ गर्दा सामग्री छनोट, अध्ययन र धारणा वा विचार निर्माण गरिन्छ र यसलाई आवश्यकतानुसार विद्यार्थी बिच छलफल गराउन सकिन्छ ।

१७. अन्तरक्रियाः यसमा छलफलको योजना र तयारी, बृहत् समूहमा छलफल सञ्चालन वा समूह विभाजन, कार्यसूची बाँडफाँड तथा कार्य सञ्चालन, प्रस्तुतीकरण, तुलना, विश्लेषण तथा मूल्याङ्कन र निष्कर्ष निकालिन्छ ।

१८. उदाहरण र प्रयोगः पाठका विषयवस्तुबाट उदाहरण, प्रयोग र अभ्यासमा जोड दिनुपर्छ । यसलाई भाषा शिक्षण अन्तर्गत भाषिक सीप, शब्द भण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्नुपर्छ । भाषा सिकाइमा चित्र वा आकृति निर्माण, निर्देशित, व्यावहारिक लेखन वा स्वतन्त्र रचना, सस्वरवाचन तथा द्रुतपठन पनि यसअन्तर्गत उपयोग गर्न सकिन्छ ।

१९. श्रव्यवाच्यका आधारमा सिकाइ सहजीकरणः यसमा व्यक्ति, जोडी, सानो समूह र बृहत् समूहमा सुनाइ र छलफल, नमुना वाचन र अनुकरण, तुलना, विश्लेषण, मूल्याङ्कन र निष्कर्षको मौखिक प्रस्तुतीकरण क्रियाकलाप गर्नुपर्छ । यसलाई भाषा शिक्षण अन्तर्गत भाषिक सीप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्न सकिन्छ ।

## मूल्याङ्कन प्रक्रिया

आधारभूत तहको कक्षा १-३ मा औपचारिक प्रकृतिको आवधिक परीक्षा सञ्चालन नगरी विद्यार्थीको सिकाइको मूल्याङ्कन उनीहरूको दैनिक शिक्षणसिकाइ क्रियाकलापसंग आवद्ध गरेर गर्ने कुरालाई पाठ्यक्रमले अंगीकार गरेको छ । यस सन्दर्भमा विद्यार्थी मूल्याङ्कनले उनीहरूलाई सिकाइका लागि प्रोत्साहन गर्नुका साथै सिकाइ सुधारका लागि मार्गप्रशस्त गर्नुपर्दछ भन्ने दृष्टिकोणमा आधारित भई कक्षाकोठामा आधारित मूल्याङ्कनका प्रक्रिया, रणनीति तथा साधनहरू प्रयोग गर्नु आवश्यक छ ।



अध्यक्ष

कक्षाकोठामा आधारित मूल्याङ्कनका लागि विभिन्न किसिमका साधनहरू प्रयोग गरेर विद्यार्थीको सिकाइको निरन्तर लेखाजोखा गरी शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा अभ्यास गरी सिकाइ सुधारमा उपयोग गरिन्छ ।

त्यस्तै कक्षा ४-५ को हकमा पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भएनभएको सुनिश्चत गर्न निर्माणात्मक र निर्णयात्मक मूल्याकन अवलम्बन गरिने छ । ५० प्रतिशत अङ्कभार बराबरको विद्यार्थीको आन्तरिक मूल्याङ्कन गरेर बाँकी ५० प्रतिशत अन्तिम परीक्षाको माध्यमबाट मूल्याङ्कन गर्ने आधारभूत तहको पाठ्यक्रम ,२०७६ ले तोकेको मूल्याङ्न विधिलाई यस स्थानीय पाठ्यक्रमले पनि अंगीकार गरेको छ । निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कनमा कक्षा क्रियाकलाप, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व तथा सहपाठी मूल्याङ्कन लगायतका साधन प्रयोग गर्न सकिन्छ । निर्माणात्मक र निर्णयात्मक दुबै पद्धतिका आधारमा बिद्यार्थीलाई कक्षोन्नति गरिने छ । लिखित मूल्याङ्कनको उत्तीर्णाङ्क ४०% हुनेछ र छुट्टै उत्तीर्ण हुनुपर्नेछ ।

कक्षाकोठामा आधारित मूल्याङ्कनको अभिलेखलाई सञ्चित गरी आवश्यकतानुसार सिकाइको मूल्याङ्कनका रूपमा अर्थात् विद्यार्थीको सिकाइस्तर पहिचान गर्ने प्रयोजनमा पनि प्रयोग गर्न सकिने हुन्छ । आधारभूत तहको कक्षा १-५ मा गरिने विद्यार्थी मूल्याङ्कनको मुख्य उद्देश्य सिकाइ सुधार गर्ने निर्माणात्मक हुने भए पनि आवश्यकता अनुसार यसको अभिलेख व्यवस्थित गरी समग्र सिकाइस्तर निर्धारण गर्ने प्रयोजनमा पनि प्रयोग गर्न सकिन्छ।

## मूल्याङ्कनका साधनहरु

आधारभूत तहको कक्षा १-५ को स्थानीय तहको पाठ्यक्रम अनुसार विद्यार्थीको मूल्याङ्कनका लागि प्रयोग गरिने विधि, प्रक्रिया तथा साधनहरू समावेश गरिएको छ । त्यसै गरी यस मार्गदर्शनमा अपेक्षित सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तरको मूल्याङ्कन तथा सुधारात्मक सिकाइको अभिलेखीकरण गर्ने तरिका र अभिलेखीकरण साधनसमेत समावेश गरिएको छ ।

कक्षाकोठामा गरिने मूल्याङ्कनले सिकाइ सहजीकरण प्रक्रिया अर्थात् शिक्षण सिकाइ प्रक्रियाकै एउटा अङ्गका रूपमा विद्यार्थीको नियमित लेखाजोखा गरी विद्यार्थीको सिकाइमा निरन्तर सुधार गरी न्यूनतम सिकाइस्तर प्राप्तिको सुनिश्चितता गर्दछ । यसले विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्तिका साथै उनीहरूलाई सिकाइमा निरन्तर प्रगति गर्ने अवसर सिर्जना गर्न सहयोग गर्दछ । कक्षाकोठामा गरिने यस्तो मूल्याङ्कनले विद्यार्थीको सिकाइको वर्तमान अवस्था पत्ता लगाई सुधारका लागि मार्ग पहिचान गर्न सहयोग गर्नुका साथै अपेक्षित सिकाइ गर्ने विद्यार्थीका लागि अग्रिम सिकाइका लागि निर्देशित पनि गर्दछ । कक्षाकोठामा गरिने यस्तो मूल्याङ्कनलाई विद्यार्थीको स्तर वा ग्रेड निर्धारणका



अध्यक्ष

लागि गरिने सिकाइको मूल्याङ्कनका रूपमा नलिई सिकाइ सुधार गर्ने प्रयोजनका लागि गरिने मूल्याङ्कन अर्थात् यसलाई मूलतः सिकाइका लागि मूल्याङ्कनका रूपमा प्रयोग गरिनुपर्दछ । अर्को शब्दमा सिकाइको क्रममा कक्षाकोठामा गरिने यस्तो मूल्याङ्कन निर्माणात्मक प्रकृतिको हुनु पर्दछ। शिक्षकले आवश्यकता अनुसारका तरिका तथा साधन छनोट गरी विद्यार्थीको मूल्याङ्कन गर्नुपर्ने हुन्छ।

विद्यार्थी मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरूबाट प्राप्त सूचनाहरूलाई निश्चित स्वरूपमा अभिलेखीकरण गरिनु पर्दछ । कक्षा कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता तथा विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनको माध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नुपर्दछ । यसका लागि विभिन्न प्रकारका रुजु सूची तयार गरी विद्यार्थी परीक्षण तथा मूल्याङ्कन गरिन्छ । विद्यार्थीका कार्य तथा उपलब्धिसहित उनीहरूका विभिन्न विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्यसञ्चयिका (Portfolio) तयार गरी विद्यार्थीको प्रगति के कति मात्रामा र के कसरी भइरहेको छ, के कस्ता सिकाइ कमीकमजोरी रहेका छन् र ती कमीकमजोरीहरू हटाई सिकाइमा सुधार के कसरी गर्ने भन्ने कार्यका लागि यसबाट सहयोग पुग्दछ ।

कक्षा १-५ का विद्यार्थीको मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने तरिका तथा साधनहरू निम्नअनुसार हुन सक्दछन्:

**तालिका ४**

तालिकाः विद्यार्थीको मूल्याङ्कनका सम्भाव्य तरिका तथा साधनहरु मूल्याङ्कनका साधन

| क्र.सं. | मूल्याङ्कन तरिका | मूल्याङ्कन साधन | कैफियत |
|---|---|---|---|
| १. | कक्षा सहभागिता | अवलोकन, रुजु, सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न, फाराम, घटना, वर्णन | |
| २. | मौखिक कार्य | प्रश्न ,चित्र, पठन सामग्री, सन्दर्भ, घटना, श्रव्य तथा दृश्य सामग्री | |
| ३. | लिखित कार्य | प्रश्न, छोटा परीक्षा, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृश्य सामग्री | |



अध्यक्ष

| | | | |
|---|---|---|---|
| ४. | परियोजना तथा प्रयोगात्मक कार्य | रुजुसूची, रुब्रिक्स र श्रेणीमापन, मौखिक प्रश्न | |
| ५. | कार्य सम्पादन तथा प्रदर्शन | अवलोकन, रुजु, सूची, रुब्रिक्स वा श्रेणी मापन, मौखिक प्रश्न | |
| ६. | सहपाठी मूल्याङ्कन | अवलोकन, रुजू सूची, रुब्रिक्स वा श्रेणी मापन फाराम | |
| ७. | स्व. मूल्याङ्कन | रुजु सूची, श्रेणी मापन, फाराम | |
| ८. | अभिभावकको प्रतिक्रिया | रुजु सूची, श्रेणी मापन, फाराम | |
| ९. | कुराकानी, छलफल | अवलोकन, रुजु सूची, श्रेणी मापन, फाराम | |

उल्लिखित मूल्याङ्कन तरिका तथा साधनमध्ये उपयुक्त तरिका तथा साधन प्रयोग गरी प्रत्येक सिकाई उपलब्धिमा विद्यार्थीको उपलब्धि परीक्षण गरेर उपलब्धिलाई निम्नानुसार रेटिङ गर्नुपर्दछ ।

**तालिका ५**

**तालिकाः विद्यार्थीको उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या**

| उपलब्धिस्तर | मपन | मापन उपलब्धिस्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर (Below basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाई उपलब्धिका लागि सुधारात्मक सिकाई आवश्यक भएको । |
| सामान्य (Basic) | २ | मुख्य सिकाई उपलब्धि आंशिक रूपमा हासिल गरेको र सुधारात्मक सिकाई आवश्यक भएको । |
| राम्रो | ३ | मुख्य सिकाई उपलब्धि धेरैजसो हासिल गरेको र सुधारात्मक सिकाई रहेको। |
| उच्च | ४ | मुख्य सिकाई उपलब्धि धेरैजसो हासिल गरेको तथा माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |



अध्यक्ष

## विषय क्षेत्रगत रुपमा मूल्याङ्कन गर्ने तरीका तथा अभिलेख फारामहरु

सामान्यतया सबै विद्यार्थीको सिकाई स्तर न्यूनतम ३ पुर्याउने गरी सिकाई कृयाकलाप गर्नुपर्छ। सिकाई स्तर १ मै छाड्नु हुँदैन।पटक पटकको सुधारात्मक सिकाईबाट पनि सिकाई स्तर १ भन्दा माथि जान सकेन भने यसका कारण पहिचान गरी सुधारात्मक उपाय पहिचान गर्ने र सिकाई सुधार गर्ने प्रयोजनका लागि उपचारात्मक शिक्षण सिकाई आबश्यक हुन्छ।उपलब्धि स्तर ३ प्राप्त गर्ने विद्यार्थीलाई पनि माथिल्लो उपलब्धि हासिल गर्ने अवसर दिनुपर्दछ।शिक्षण सिकाईका क्रममा उपलब्धि स्तर ४ पुर्याउन अपेक्षित छ।

विषय क्षेत्र तथा थिम अन्तर्गतको सिकाई उपलब्धि अंकन गरिसकेपछि विषय क्षेत्रको समग्र उपलब्धि प्रतिसत निम्नानुसार निकाल्नु पर्दछ।

$$\text{क्षेत्रगत (थिमगत) उपलब्धि प्रतिसत} = \frac{\text{उपलब्धि स्तरको अंकनको जोड}}{\text{४× मूल्याङ्कन गरिएका सिकाई उपलब्धिहरुको संख्या}} \times १००$$

**उपलब्धि प्रतिसतलाई अक्षरांकन सँग मिलान गरी निम्नानुसार प्रस्तुत गर्नुपर्दछ।**

| उपलब्धि प्रतिसत | अक्षरमा उपलब्धि स्तर | उपलब्धि स्तरको व्याख्या |
|---|---|---|
| ०-२० मुनि | E | ज्यादै कमजोर |
| २०-४० मुनि | D | कमजोर |
| ४०-६० मुनि | C | सामान्य |
| ६०-७५ मुनि | B | राम्रो |
| ७५-९० मुनि | A | उच्च |
| ९०-१०० | A+ | उत्कृष्ट |



अध्यक्ष

## विद्यार्थीको व्यक्तिगत विवरण

१)विद्यार्थिको वैयक्तिक तथा पारिवारिक विवरण

क) विद्यालयको नाम :

ख) ठेगाना:

ग) विद्यार्थीको नाम:

घ) जन्म मिति:

ङ) विद्यार्थिको घरको ठेगाना:

च)पारिवारिक विवरण:

अ) आमाको नाम: ............. पेशा ................. सम्पर्क नम्बर: ..........................

आ) बाबुको नाम: ............. पेशा ................. सम्पर्क नम्बर: ..........................

छ) बाबुआमा बाहेक अरु कसैले अभिभावकत्व लिएको भएमा निजको

अ) नाम: ............. पेशा ................. सम्पर्क नम्बर: ..........................

आ) विद्यार्थी सँगको नाता:

ज) विद्यालयमा भर्ना मिति र कक्षा

झ) मातृभाषा , घरपरिवारमा बोलिने भाषा र अन्य भाषिक क्षमता:

ञ) अघिल्लो अनुभव

अ) कक्षा १ मा भर्ना भएको भए प्राम्भिक बालविकास शिक्षाको अनुभव भए नभएको:

आ) अन्य कक्षामा भर्ना भएको भए अन्य विद्यालयको अनुभव:

२) स्वास्थ्य सम्बन्धी बिबरण

क) तौल र उचाई

| मिति | तौल (केजीमा) | उचाई (सेमि) | प्रतिकृया( यदि छ भने) |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

ख) विशेष स्वास्थ्य समस्या भए सो को टिपोट: .........................................

ग) अपांगता भए सो को बिबरण : ..........................................................

घ) अन्य कुनै थप बिबरण भएमा: ..............................................................



अध्यक्ष

सबै विषय क्षेत्र (थिम)को शिक्षण सिकाई पश्चात सबै विषय क्षेत्रमा विद्यार्थिको मूल्यांकन गर्नपर्ने हुन्छ।यसरी विषय क्षेत्रगत गरेको मूल्यांकनको आधारमा समष्टिगत मूल्यांकन गरिन्छ।साथै उपलब्धि प्रतिसतलाई अक्षरांकन सँग मिलान गरी नतिजाको लागि प्रस्तुत गर्नुपर्ने हुन्छ।यहाँ नमुनाको रुपमा एउटा विषय क्षेत्र (थिम) " तरकारी खेती " को नमुना प्रस्तुत गरिएको छ। यसै गरी सबै सात वटै विषय क्षेत्र ( थिम)को सूचकहरु निर्माण गरी मूल्याङ्कन गर्नुपर्दछ।

कक्षाः १ विषयः ..........                    विषयक्षेत्र ( थिम) : .......... विद्यार्थीको नामः ...............                    विद्यार्थी परिचय नम्बरः ...........

<table>
<tr><th rowspan="2">थिम</th><th rowspan="2">मुख्य सिकाई उपलब्धि</th><th rowspan="2">सूचक</th><th colspan="2">नियमित पढाइ पछिको मूल्याङ्कन</th><th colspan="2">थप सहायता पछिको मूल्याङ्कन</th><th rowspan="2">प्रयोग गरिएको मूल्याङ्कन साधन</th></tr>
<tr><th>मिति</th><th>उपलब्धि</th><th>मिति</th><th>उपलब्धि</th></tr>
<tr><td rowspan="2"></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>अभिभावकको दस्तखतः<br>शिक्षकको दस्तखत र मितिः</td><td></td><td></td><td colspan="4">सिकाइ उपलब्धि अंकको जोड</td><td></td></tr>
<tr><td></td><td>सिकाइ उपलब्धि प्रतिशत</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

अध्यक्ष

कक्षाः १ विषयः .......... विषयक्षेत्र र थिमः ..................... विद्यार्थीको नामः .........................

परिचय नं. ..................

| थिम | मुख्य सिकाई उपलब्धि | सूचक | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | | प्रयोग गरिएको मूल्याङ्कन साधन |
|---|---|---|---|---|---|---|---|
| | | | मिति | उपलब्धि | मिति | उपलब्धि | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| अभिभावकको दस्तखतः शिक्षकको दस्तखत र मितिः | | | सिकाइ उपलब्धि अंकको जोड | | | | |
| १ | सिकाइ उपलब्धि प्रतिशत | | | | | | |

अध्यक्ष